

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १२५ • २०८० साल आश्विन ५ गते शुक्रबार (22 September, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# शिक्षकहरूको मागमा दलहरूको दोहोरो चरित्र

**टुडे समाचारदाता**

काठमाण्डु । देशभरका शिक्षकहरु काठमाण्डुमा गरिरहेका आन्दोलनमा दलहरुको दोहोरो चरित्र देखिएको छ । दलहरुले शिक्षकहरुको माग जायज रहेको बताए पनि उनीहरुको समस्या समाधानतर्फ भने तदारुकता देखाएका छैनन् । 'विद्यालय शिक्षा विधेयक २०८०' शिक्षकहरूको हितमा नरहेकोले फिर्ता गरिनुपर्ने आन्दोलनरत शिक्षकहरुको माग छ । विधेयक फिर्ता नलिएर सच्याउने भए ' शिक्षकहरूलाई स्थानीय सरकार मातहत राखिने सुनिश्चितता हुनुपर्ने' उनीहरुको अडान छ ।

मागहरु सरकारसमक्ष राख्न पाउने वैकल्पिक विधिहरू हुँदाहुँदै विद्यार्थीहरुको पढ्न पाउने अधिकारलाई कुण्ठित नगर्न आन्दोलनरत शिक्षकहरूलाई आग्रह गरेको छ । विहीबार विज्ञप्ति जारी गर्दै आन्दोलनको वैकल्पिक उपाय अपनाउन र विद्यालय बन्द नगर्न भनिएको छ । 'शिक्षकहरूले आफ्ना मागहरू सरकारसमक्ष राख्न पाउने वैकल्पिक विधिहरू हुँदाहुँदै विद्यार्थीहरूको पढ्न पाउने अधिकारलाई कुण्ठित नगर्न सम्पूर्ण शिक्षक संगठनहरूप्रति हार्दिक अनुरोध गर्दछौं,' महामन्त्री मुकुल ढकालले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।




शिक्षकहरूलाई संघीय सरकार मातहत राखेर मात्रै शिक्षामा सुधार नहुने शिक्षक महासंघको शर्त छ । महासंघले आफ्ना विभिन्न १८ बुँदे माग अघि सारेको छ, जहाँ ट्रेड युनियन अधिकार सुनिश्चित हुनुपर्ने, राहत, अनुदान, प्राविधिक धार, करार, अस्थायी सबै खाले अस्थायी प्रकृतिका शिक्षकलाई मापदण्ड पूरा गरी स्थायी हुने गरी प्रक्रियामा लैजानुपर्ने, शिक्षकहरूलाई मर्यादाक्रममा निजामती कर्मचारी भन्दा माथिल्लो हुने गरी कायम गरिनुपर्ने भनिएको छ ।

बाल विकासलाई विद्यालयको संरचनाभित्र ल्याउनुपर्ने, स्थायी शिक्षकको आवधिक बढुवा हुनुपर्ने, अस्थायी शिक्षकको सेवा अवधि गणना गर्नुपर्ने माग पनि शिक्षकहरूको छ । साथै, प्रस्तावित विधेयकले शिक्षकको योग्यता तोकेकोमा पनि शिक्षकहरू असन्तुष्ट छन् । प्रस्तावित विधेयकले आधारभूत तहको शिक्षकको योग्यता स्नातक र माध्यमिक तहको स्नातकोत्तर तह भनेको छ । यसले शिक्षक नपाउने अवस्था थप भयावह हुने शिक्षक महासंघको भनाइ छ । महासंघले शिक्षक नपाउने समस्या बढ्न नदिन आधारभूत तहको लागि १२ र माध्यमिक तहको लागि स्नातक पास गरे हुने प्रचलित व्यवस्थाकै निरन्तरता हुनुपर्ने माग गरेको छ ।

अब संसदमा दर्ता भइसकेका कारण विधेयक कस्तो बनाउने भन्ने विषय राजनीतिक दल र सांसदहरूमा सरेको शिक्षाविद् प्रध्यापक डा. विद्यानाथ कोइराला बताउँछन् । यसका लागि राजनीतिक दलहरूले चासो लिएर वातावरण सहज बनाउनुपर्ने उनको राय छ । शिक्षाविद् कोइराला भन्छन्, 'राजनीतिक दलले शिक्षकलाई गाली गर्नुपर्ने हो । शिक्षकको भ्रातृ संगठन चाहिएन, कर्मचारीको भ्रातृ संगठन चाहिएन भन्नुपर्ने हो । यस किसिमको दृष्टिकोण राजनीतिक नेतृत्वमा आयो भने सबै कुरा सल्टिन्छ ।'

तर शिक्षाविद् कोइरालाले भने जस्तो राजनीतिक दलहरू शिक्षकहरूको मागमा प्रष्ट खुलिरहेका छैनन् । सामाजिक सञ्जालमा लेखिरहेका छन् तर शिक्षकको स्थानीय तह मातहत रहन्नौं भन्ने मागमा आफ्नो धारणा प्रष्ट पारिरहेका छैनन् । सरकारको नेतृत्वकर्ता दल नेकपा माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डे समयमै विधेयक नल्याउनुको परिणाम देखा परिरहेको बताउँछन् ।

'शिक्षकहरूलाई निजामती सेवा सहितका अरू राष्ट्रसेवकले जे सुविधा पाउँछन् त्यस अनुसार दिनुपर्छ र काम पनि त्यही अनुसार लिनुपर्छ' उनी भन्छन्, 'संविधानमै उल्लेख भएको एकल अधिकारको विरोध गर्नुभएको छ यो बेठीक छ र त्यस खालको माग पूरा गर्न सकिँदैन ।'

नेकपा एमालेका प्रमुख सचेतक पदम गिरी शिक्षकहरूको मागका सम्बन्धमा आफूहरू जानकार रहेको बताउँछन् । उनी भन्छन्, ' जायज र न्यायोचित मागहरूलाई सम्बोधन गर्नुपर्छ । शिक्षकको वृत्ति-विकासमा राज्यले कुनै कसर बाँकी राख्न हुँदैन । तर, संविधानमा र कानुनमा के कस्तो छ भनेर त्यसमा छलफल गर्नुपर्ने हुन्छ ।'

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले शिक्षकहरूलाई विद्यालय बन्द नगर्न अनुरोध गरे । उनले विहीबार सामाजिक सञ्जालमा लेख्दै शिक्षा विधेयकमा थुप्रै सुधार आवश्यक रहेको र त्यसका लागि आफूहरूले काम गर्ने बताएका छन् । 'विद्यालय शिक्षा विधेयकमा थुप्रै सुधार आवश्यक छ, संसदमा हामी यसलाई सच्याउने नै छौं, विद्यालय बन्द नगरौं,' उनले भनेका छन् ।

शिक्षा विधेयक संसदमा दर्ता भइसकेकाले त्यसमाथि छलफल गर्ने र संशोधन गर्ने जिम्मा आफूहरूको भएको पनि उनले बताए । शिक्षकहरूले राखेका मागलाई सम्बोधन गर्ने विषयमा पनि आफूहरू प्रतिबद्ध रहेको उनको भनाइ छ ।

'विद्यालय शिक्षासम्बन्धी विधेयकमा अनेकन् कमजोरीहरू छन्, ती सुधार गर्नै पर्नेछ । संसदमा दर्ता भइसकेपछि अब यो विधायिकाको कर्तव्य र जिम्मेवारी हो,' उनले लेखेका छन्, 'हामी सबैसँग घनिभूत छलफल र संवाद गर्नेछौं । आन्दोलनरत शिक्षक, स्थानीय सरकार लगायत सरोकारवाला र चिन्तित अभिभावक एवं विद्यार्थी सबैका जायज माग र चिन्ताको सम्बोधन गर्ने कुरामा प्रतिबद्ध छौं ।' उनले शिक्षकहरूलाई आफ्नो आन्दोलनको स्वरूप परिवर्तन गर्न पनि आग्रह गरेका छन् ।

'सांसदको भूमिका एवं विवेकमाथि विश्वास गरेर रचनात्मक ढंगले समाधानको खोजीका लागि मद्दत गर्न र विद्यालय बन्द गर्ने अप्रिय बाटो अवलम्बन नगरी आन्दोलनको स्वरूप परिवर्तन गर्न शिक्षक महासंघ लगायत सबै पक्षमा हार्दिक आग्रह गर्दछु,' उनले भने ।

एउटा पार्टीको जनप्रतिनिधि आउँछ, अर्को पार्टीप्रति आस्था राख्ने शिक्षकको सरुवा गर्छ, पाएसम्म कारबाही गर्छ । फेरि अर्को पार्टीको जनप्रतिनिधि आउँछ र त्यसै गर्छ' आन्दोलनरत शिक्षकहरु भन्छन, 'प्रस्तावित विधेयकले दरबन्दी स्थानीय तहमा दिने भन्यो । त्यसो गरिए दरबन्दी नै दलीय आधारमा भागबन्डाका आधारमा हुन्छ । यसले नेपालको शिक्षा प्रणाली ध्वस्त हुनेछ ।'

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची छ । जसअनुसार आधार भूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको विषय हो । प्रदेश विश्वविद्यालय र उच्च शिक्षा प्रदेशको एकल क्षेत्राधिकार हो भने केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय संघीय सरकारको एकल अधिकार हो । एकल अधिकार सूचीको कार्यान्वयनबारे संविधानको धारा ५७ (४) मा भनिएको छ- 'स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानुन बमोजिम हुनेछ ।'

तर, आधारभूत र माध्यमिक शिक्षा संघीय सरकारको नीति अनुसार लागु हुने गरी संघीय सरकारले कानुन बनाउन लागेका बेला शिक्षकहरूले अझ अगाडि बढेर आफूहरूको सम्पूर्ण दायित्व संघीय सरकारले लिनुपर्ने माग राखेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले

# पढाइ नहुँदा कलेजको भवन बन्यो अस्पतालको स्टोर शाखा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको परिसरमा झण्डै सात करोड रुपैयाँ खर्च गरेर निर्माण गरिएको नर्सिङ कलेजको भवन अस्पतालको स्टोर शाखा बनेको छ । नर्सिङ पढाइका लागि स्वीकृति लिन कहिँकतैबाट पहल नभएपछि पढाइ सुरु हुन नसक्दा कलेजको भवनमा अस्पतालले स्टोर राखेको छ ।

संसदीय निर्वाचन ताका जसपा अध्यक्ष उपेन्द्र यादबको 'ड्रिम प्रोजेक्ट'को रुपमा नर्सिङ कलेजको प्रचारप्रसार गरिएको थियो । तत्कालीन प्रतिनिधिसभा सदस्य उपेन्द्र यादवको संसदीय कोष र प्रदेश सरकारको सशर्त अनुदान अन्तरगत नर्सिङ कलेजको निर्माणका लागि २०७६ साल बैशाख १० गते कन्टेक/चक्रेश्वरी/जेइ जेभीसँग राजविराज नगरपालिकाले सम्झौता गरेको थियो ।

निर्माण कम्पनीले २०७८ साल चैत ३० गते काम सम्पन्न गरे पनि पूर्ण भुक्तानी नपाउँदा हस्तान्तरण हुनसकेको थिएन् । २०७९ असोज १२ गते निर्माण कम्पनीलाई भुक्तानी दिइएपछि उक्त कलेज भवन नगरपालिकाको जिम्मा लगाइएको थियो । नर्सिङ कलेज भवन निर्माण भएपछि २०८० जेठ १७ गते जसपा अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरेका थिए । उद्घाटन पछि चाँडै नर्सिङ कलेज संचालनमा आउने र स्नातकसम्मको पढाइ हुने प्रतिबद्धता व्यक्त गरिएको थियो । तर, उद्घाटन भएको तीन महिना बित्दा नर्सिङ कलेजको पढाइका लागि स्वीकृति लिने तर्फ कतैबाट पहल भएको छैन । उद्घाटनपछि उक्त भवन नर्सिङ कलेज संचालनका लागि गजेन्द्रनारायण अस्पताललाई हस्तान्तरण गरिएको थियो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहका अनुसार नर्सिङ पढाइको स्वीकृति लिने बारे औपचारिक रुपमा कुनै कार्य अघि बढाइएको छैन् । 'कहाँबाट स्वीकृति लिने ,स्वीकृति लिनका लागि के के गर्नुपर्ने लगायतका विषयमा जानकारी लिन एकजना कर्मचारी काठमाण्डु पठाएको छु,' मेसु डा. साहले भने, 'बुझ्ने काम भइरहेको छ । स्वीकृतिका लागि औपचारिक रुपमै कहीँकतै काम भएको छैन ।'

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौँ ।

लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु


भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

मनरा सिसवा नगरपालिका
मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

'जनमन सँ जनजन धरि'



रेडियो टुडे
९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लऽक
निरन्तर १८ घण्टा
अहाँक सँग

सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# नयाँ पकेट क्षेत्रका लागि बजेट विनियोजन भएन

भैरहवा । प्रमुख कृषि उपजको विशिष्टीकृत क्षेत्र निर्माण गर्ने उद्देश्यसहित लागू भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले चालु आर्थिक वर्षमा रुपन्देहीमा नयाँ पकेट क्षेत्रका लागि बजेट छुट्ट्याएको छैन ।

विगतका वर्षमा लगानी गरिएका पकेट क्षेत्रलाई नै निरन्तरता दिने गरी सोही कार्यक्रममा मात्रै बजेट बिनियोजन गरिएको छ । जनप्रतिनिधिहरुको आपसी मतभेदका कारण गत वर्ष पनि नयाँ कार्यक्रमहरु सञ्चालन हुन नसकेको परियोजना सम्वद्ध अधिकारीहरुको भनाइ छ ।

रुपन्देहीका १६ वटै स्थानीय तहमा प्रमुख कृषि उपजको विशिष्टीकृत क्षेत्रहरु (पकेट) निर्माण गर्ने लक्ष्य राखिएको छ । तर जनप्रतिनिधिहरुको आफ्नो क्षेत्रमा मात्रै कार्यक्रम लैजाने अन्यथा कार्यक्रम नै सञ्चालन नगर्ने अडानका कारण अधिकांश स्थानीय तहमा गत वर्ष पनि नयाँ कार्यक्रमहरु लागू हुन नसकेको हो ।

रुपन्देहीको सिद्धार्थनगर, देवदह, तिलोत्तमा नगरपालिका र शुद्धोधन, रोहिणी, कञ्चन गाउँपालिकाले गत वर्षका कार्यक्रम नै सञ्चालन गर्न नसकेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख नारायण काफ्लेको भनाइ छ।

सिद्धार्थनगर नगरपालिकामा धान र गहुँको नयाँ पकेट क्षेत्र बनाउन रु १२/१२ लाखका दरले बजेट छुट्ट्याएको भए पनि दुवै कार्यक्रम लागू हुन नसकेको उहाँको भनाइ छ । यस्तै गत वर्षकै गहुँ कार्यक्रमलाई निरन्तरता दिनका लागि रु छ लाख बिनियोजन गरे पनि सिद्धार्थनगरले त्यो कार्यक्रम सुरु नै नगरेको उहाँले जानकारी दिनुभयो। नगरपालिकाले उक्त बजेट खर्च नगरेपछि किसानहरु सरकारी अनुदानबाट बञ्चित भएको उहाँको भनाइ छ।

"गत आर्थिक वर्षमा पकेट कार्यक्रम अर्न्तगत कार्यक्रमको निरन्तरता र नयाँ कार्यक्रमतर्फ ६० दशमलव ४८ प्रतिशत मात्र खर्च भयो," परियोजना कार्यान्वयन ईकाई भैरहवाका प्रमुख काफ्लेले भन्नुभयो, "कतिपय पालिकाले कार्यक्रम नै सञ्चालन गर्न सकेनन् भने गरेकाले पनि पूरै रकम खर्च गर्न सकेनन् ।"

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, कार्यान्वयन इकाई भैरहवाका अनुसार रुपन्देहीमा सियारी गाउँपालिकाले मात्र सबै क्षेत्रमा शतप्रतिशत रकम खर्च गरेको छ । त्यसैगरी सम्मरीमाई, मायादेवी, गैडहवा र कोटहीमाई गाउँपालिकाले पनि नयाँ र निरन्तर कार्यक्रम अर्न्तगत केही रकम खर्चिएका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगतको रकम आउन ढिलाइ भएको कारण कार्यक्रम गर्न नसकेको रोहिणी गाउँपालिका अध्यक्ष बिद्याप्रसाद यादवको दाबी छ । "जनप्रतिनिधिमा कुनै प्रकारको स्वार्थ छैन, जोमार्फत गए पनि किसानले अनुदान पाउने हो," यादवले भन्नुभयो "तर किसानलाई पायक पर्ने समयमा कार्यक्रम र सोवापत प्राप्त हुने अनुदान रकम आउनु पर्‍यो ।"

सियारी गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरेले भने समग्रमा कार्यक्रम राम्रो रहेको प्रतिक्रिया दिनुभएको छ। "पकेट कार्यक्रमबाट नै हामीले धेरै कामहरु गरेका छौं", उहाँले भन्नुभयो "अहिले सियारी माछामा मात्रै नभई मकै, दुधलगायतको उत्पादन राम्रो हुदै गएको छ।"

पकेट अन्तर्गत अनुदान रकम भने उहाँले केही सीमित किसानले मात्र पाउने गरेकोमा यसलाई सुधार गरी क्षेत्रफलको आधारमा अनुदान दिनुपर्नेमा जोड दिनुभयो । "अहिले खेती अत्यन्त महङ्गो भएको छ, यसको खर्च उठाउनै सकस छ", घिमिरेले भन्नुभयो "सबैलाई बराबर हेर्न सङ्ख्याका आधारमा नभई क्षेत्रफलको आधारमा अनुदान ल्याउन सके कार्यक्रम अझै राम्रो हुनसक्छ ।"

स्थानीय तह स्तरमा सञ्चालन हुने गरी पकेट क्षेत्र पहिचान गर्ने र कृषि तथा पशुको उत्पादनका लागि पकेट बिस्तार गर्दै ब्लकमा परिणत गर्ने एवम रितले ब्लकहरु मिलाएर जोनको निर्माण गर्ने र 'सुपर जोन' बनाई कृषिजन्य उद्योगमा रुपान्तरित गर्ने परियोजनाको उद्देश्य रहेको छ ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचसहित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सञचालन हुने गरी यो कार्यक्रम सुरु भएको थियो । दश वर्षे परियोजना २०७३ साउनबाट सुरु भई २०८२ को असारमा सकिने परियोजना कार्यान्वयन ईकाइका प्रमुख नारायण काफ्लेको भनाइ छ।

प्रमुख कृषि उपजहरुको विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई सम्मानजनक नाफामुखी व्यावसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने र बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने परियोजनाका लक्ष्य रहेका छन् । रासस

# वित्तीय क्षेत्र सुधारको कार्ययोजना दुई हप्ताभित्र पेश गर्न निर्देशन

काठमाण्डु । वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको बैठकले वित्तीय क्षेत्र सुधारको कार्ययोजना दुई हप्ताभित्र पेश गर्न नियामक तथा सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

समितिको बैठकबारे बिहीबार अर्थ मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै विभिन्न कानुनी व्यवस्था सुधारका लागि पहल गर्ने निर्णय भएको जनाएको छ । समितिको बैठकले नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐन संशोधनको प्रक्रियालाई शीघ्रता दिने निर्णय गरेको छ । त्यस्तै, डिजिटल बैंक स्थापना गर्नेसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने निर्णय भएको पनि अर्थ मन्त्रालयको भनाइ छ ।

सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा अध्ययन प्रतिवेदनलाई आधार मानी पुनरावलोकन गर्ने, विप्रेषणलाई औपचारिक माध्यामबाट भित्र्याउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने तथा रेमिट्यान्स बन्ड जारी गर्ने कानूनी व्यवस्था र कार्ययोजना तयार पार्ने निर्णय भएको छ ।

वित्तीय मध्यस्थता लागत कम गर्ने सम्बन्धमा गर्नुपर्ने सुधारको विषयमा सम्बन्धित निकायले नीति एवम् कार्यविधि तर्जुमा प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय पनि समितिले गरेको छ ।

त्यसैगरी, वित्तीय क्षेत्र, पुँजीबजार र बीमा क्षेत्रको गतिविधि एवम् नियमनलाई थप प्रभावकारी बनाउने र समन्वयात्मक तरिकाले काम गर्ने निर्णय भएको अर्थ मन्त्रालयको भनाइ छ । नियामकको क्षमता अभिवृद्धि गर्ने कामलाई सम्बन्धित संस्थाले तदारुकताका साथ अगाडि बढाउने निर्णय भएको पनि मन्त्रालयले विज्ञप्तिमार्फत् जनाएको छ ।

अर्थमन्त्री डा प्रकाश शरण महतको अध्यक्षतामा बसेको समितिको बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलगायत सहभागी हुनुहुन्थ्यो । रासस

# अस्पताल सुधारका लागि संघर्ष समिति गठन

सिरहा। सिरहाको लहानस्थित प्रादेशिक अस्पतालको सेवा प्रवाह र प्रशासनिक सुधार ल्याउन भन्दै अस्पताल सुधार सङ्घर्ष समिति गठन भएको छ।

बिरामीको उपचारमा लापरवाहीदेखि करार सेवाका कर्मचारी भर्ना, उपकरण खरिदमा अनियमितता र सवार ीसाधनको दुरुपयोग बढेको भन्दै स्थानीय सत्यनारायण यादवको संयोजकत्वमा विभिन्न पेसा व्यवसायमा संलग्न युवा आबद्ध रहेको २१ सदस्यीय अस्पताल सुधार सङ्घर्ष समिति गठन गरिएको हो।

सङ्घर्ष समितिले गत २०७९ साउन र चैतमा सङ्घीय सरकारको चार र प्रदेश सरकारको २५ गरी २९ वटा सिटमा करार सेवाका कर्मचारी भर्ना गर्दा अनियमिमता भएको, अस्पतालमा ल्याब हुँदाहुँदै बिरामीले बाहिरबाट ल्याब जाँच गराउनुपर्ने, प्रसूति गराउन आउने महिलालाई त्रास देखाउँदै निजी स्वास्थ्य संस्थामा पठाएर कमिसन खाने गरेको पाइएको आरोप लगाएको छ।

"अस्पताल व्यवस्थापन लथालिङ्ग रहेको अवस्था छ। विपन्न आर्थिक अवस्थाका महिला प्रसूति गराउन आउँदा अप्ठ्यारो अवस्था सिर्जना हुनसक्छ भन्दै त्रास देखाएर निजीमा जान बाध्य पार्ने गरिएको जनगुनासो छ", संयोजक यादवले भन्नुभयो, "डायलायसिस मेसिन र अक्सिजन प्लान्ट कैयौँ महिनादेखि बन्द छ। बिरामीले सस्तो र गुणस्तरीय उपचार सेवाबाट बञ्चित हुनु नपरोस् भनी सुधारका लागि प्रयास गरिएको हो ।"

समितिले दाता परिवारबाट अस्पतालले चर्चेको एक बिघा १५ कट्ठा १० धुर जग्गा अस्पतालको नाममा रजिस्ट्रेसन र प्रदेश सरकारले फेरेको अस्पतालको नाम साविककै कायम राख्न पनि प्रयास गर्ने संयोजक यादवले बताउनुभयो।

**अस्पताल सरकारी, जग्गा दाताको नाममा**

आफ्नो परिवारको दिवङ्गत सदस्यको स्मृतिमा लहानका व्यापारिक घराना मुरारका र शारडा परिवारले सिराहा, सप्तरीको पश्चिमी तथा दक्षिणी भेग र उदयपुरको दक्षिणी भेगका बिरामीलाई लक्षित गरी जग्गासहित विसं २०३५ मा भवन निर्माण गरी तत्कालीन श्री ५ को सरकारलाई हस्तान्तरण गरेको थियो । त्यतिबेलादेखि नै रामकुमार शारडा उमाप्रसाद मुरारका स्मारक अस्पतालको नाममा सञ्चालन हुँदै आएको अस्पताल १ पुस २०७८ को प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट नाम परिवर्तन गरी प्रादेशिक अस्पताल नामकरण गरेपछि दाता परिवार रुष्ट बन्दै आएको छ।

अस्पतालको नाम फेरिएपछि दाताकै नाममा रहेको एक बिघा १५ कट्ठा १० धुर जग्गा अस्पतालको नाममा रजिस्ट्रेसन नहुँदा अस्पतालले सेवा विस्तार गर्न नसकेको अस्पताल प्रशासनले गुनासो गर्दै आएको छ । यता जग्गादाताले भने अस्पतालको नाम पुरानै कायम गरी मुरारका र शारडा परिवारको नाम र पहिचान हुनुपर्ने माग गर्दै आएको छ।

भवनसहित कर्मचारी, सेवा सुविधा सरकारी हुँदाहुँदै जग्गा व्यक्तिको नाममा हुँदा विगत ३९ वर्षदेखि अस्पतालमा स्वीकृत १५ शय्या भए पनि अस्पताल व्यवस्थापन समिति र प्रशासनले ४७ शय्या थप गरेर ६२ शय्या सञ्चालन गर्दै आएको छ। रासस

# एनसेलद्वारा १८औं वार्षिकोत्सवको उपलक्ष्यमा बागमती करिडोर सकडमा वृक्षारोपण



काठमाण्डु। एनसेल आजियाटा लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा काठमाडौं उपत्यकामा हरियाली निर्माणमा योगदान पुर्‍याउँदै ललितपुर महानगरपालिकासँगको सहकार्यमा महानगरपालिकाको वडा नं. १ मा रहेको बागमति कोरिडोर सडकको दुवैतर्फ वृक्षारोपण गरेको छ।

यो पहलले समग्र समुदायकालागि स्वस्थ वातावरण निर्माणमा योगदान पुर्‍याउनेछ र कम्पनीको जलवायु परिवर्तनसँग सम्बन्धित लक्ष्यहरू पूरा गर्न सहयोग गर्नुका साथै सरकार तथा सहरलाई दिगो विकास लक्ष्यहरू हासिल गर्न योगदान तथा मद्दत पुर्‍याउँछ । बिहीबार एक कार्यक्रमका बीच एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभ र ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले संयुक्त रुपमा वृक्षारोपण गरेका हुन्।

कम्पनीको ब्रान्ड वाचा 'आज, भोलि, सधैं सँगै' अन्तर्गत रहि वार्षिकोत्सवको थिम 'हामी तपाईंकै लागि'मा ललितपुर महानगरपालिका, वडा नम्बर १ स्थित बागमती करिडोर रोडको दायाँबायाँ २०० भन्दा बढी रुख रोपिएका छन् । एनसेलले आफ्नो नयाँयात्रा सुरु गर्दै गर्दा 'हामी तपाईंकै लागि' थिमले एनसेल नेपाल, नेपाली समाज र समुदायप्रति प्रतिबद्ध रहेको स्पष्ट पार्दछ।

वृक्षारोपण कार्यक्रममा आफ्नो मन्तव्य राख्दै एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने "मलाई लाग्छ हाम्रो जीवनमा तीन वटा कुरा महत्वपुर्ण छन्–घर बनाउने, बच्चा हुर्काउने र रुख रोप्ने । शहरमा हरियाली प्रर्वद्धन र विकासकालागि यस पहलमा ललितपुर महानगरपाललिकासँग हातेमालो गर्न पाएकोमा म आज निकै गौरवान्वित छु। उपत्यकालाई स्वच्छ र हराभरा शहर बनाउन योगदान पुर्‍याउँदै यीआज रोपिएका रुखहरु लामो समयसम्म रहुन् भन्ने मेरो आशा छ । आफ्नो समाजमा र समुदायहितकालागि सदैव काम गर्ने एनसेल एक जिम्मेवार कम्पनीहो। यस हरियाली प्रर्वद्धनको कार्यमा महानगरपालिकासँग सहकार्य गर्दै हाम्रो सहकार्य अझै सुदृढ बनाउन पाएकोमा हामी खुसी छौं। वातावरण संरक्षणमा योगदान गर्ने हाम्रो प्रतिबद्धता प्रति हामी समर्पित छौं ।" दिगो विकासका लक्ष्य, आजियाटा समुहको इएसजी फ्रेमवर्क तथा नेट जिरो कार्बन कमिटमेन्ट अन्तर्गत वातावरण संरक्षण र जलवायु परिवर्तन एनसेलको सामाजिक पहलको प्राथकितामा पर्दछ।

ललितपुर महानगरपालिकाका मेयर चिरीबाबुमहर्जनलेएनसेलकोसामाजिक उत्तरदायित्व कार्यक्रमकालागि विगत दुई वर्ष देखि एनसेलसँग सहकार्य गर्दै आएको बताए। "यस वृक्षारोपणको लागि महानगरपालिका र वडा १ को तर्फबाट म एनसेललाई धन्यवाद दिन चाहन्छु । हाम्रो सहकार्यलाई निरन्तरतादिदै बागमती करिडोरमा यो वृक्षारोपण गर्न पाउँदा हामी धेरै खुसी छौं र यस्ता असल कार्यका लागि अन्य आवश्यक सहयोग गर्न पनि हामी प्रतिबद्ध छौं।"

एनसेलले वन तथा भूसंरक्षण विभाग र ललितपुर महानगरपालिकासँगको सहकार्यमा आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी अन्तर्गत रिङरोडको ग्रीन बेल्ट क्षेत्रमा हरियाली निर्माण र मर्मत सम्भार गर्ने कार्य गर्दै आईरहेको छ।

'हामी तपाईंकै लागि' थिम अन्तर्गत १८ औं वार्षिकोत्सवको अवसरमा अन्य कार्यक्रमहरुको पनि आयोजना गरिने छन् । त्यस्ता कार्यक्रमहरुमा मानव विकास सूचकांक न्यून भएका क्षेत्रमा स्वास्थ्य शिविर, रक्तदान, लैनचौर मैदानमा मैत्रीपूर्ण फुटबल खेल, ग्राहकहरुसँग अन्तरक्रिया गर्न सेलिब्रेटीहरुको एनसेल सेन्टरहरुमा भ्रमण लगायत रहेका छन् ।

एक जिम्मेवार कर्पोरेट नागरीकको रुपमा एनसेलले दीगो विकासका लक्ष्य (एसडीजी) अन्तर्गत शिक्षातथा स्वास्थ्यका साथसाथै वातावरण संरक्षण तथा जलवायु (क्लाइमेट एक्सन) अन्तर्गतका पहलहरुलाई पनि प्राथमिकतामा राख्दै सामाजिक कार्यहरु गर्दै आएको छ। औद्योगिक व्यावसायिक नियमावलीले पनि व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत वातावरण संरक्षणलाई एक प्रमुख क्षेत्रको रुपमा राखेको छ।

एनसेलले आफ्नो सामाजिक पहल अन्तर्गत स्थापनाकाल देखि स्वास्थ्य, शिक्षा, वातावरण, प्रकोप रोकथाम तथा प्रतिकार्य र जीविकोपार्जनमा सहयोग लगायत क्षेत्रमा १ अर्ब ८० करोड रुपैयाँभन्दा बढीको योगदान गर्दै सामाजिक तथा आर्थिक विकासमा सहयोग पुऱ्याएको छ । स्वास्थ्य, शिक्षा र वातावरण क्षेत्र सधैं एनसेलको प्राथमिकतामा छन् ।

# बालबालिकाको पठनपाठन अधिकारप्रति संवेदनशील बन्न आग्रह

काठमाण्डु। राष्ट्रिय मानवअधिकार आयोगले शिक्षक समुदायले उठाएका न्यायोचित मागहरूको सम्बोधन गरी बालबालिकाको पठनपाठन अधिकारप्रति संवेदनशील बन्न सरकारलाई आग्रह गरेको छ।

"आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारप्रति सचेत हुन, मानवअधिकारको मूल्य र मान्यताको सम्मान गर्दै आफ्ना माग राख्न, आफ्ना माग पूरा गराउन विद्यालय बन्दबाहेकको विकल्प खोज्नुपर्छ", आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "वार्ताको माध्यमबाट समस्याको समाधान गर्न र आन्दोलनमा हिंसात्मक अवस्था सिर्जना हुनसक्नेतर्फ सचेत हुन आयोग आन्दोलनरत पक्षलाई आग्रह गर्दछ।"

साथै कानुन निर्माणमा सम्बन्धित पक्षसँग पर्याप्त छलफल तथा परामर्श गरी विद्यालय शिक्षासम्बन्धी कानुनलाई समयसापेक्ष बनाउन एवं नेपाल शिक्षक महासङ्घलगायतलाई आग्रह गरिएको छ। विद्यालय बन्द हुँदा बालबालिकाको यी अधिकारको सुनिश्चितामा समेत बाधा उत्पन्न हुने देखिएको छ।

विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा शिक्षकहरूको सरुवा, बढुवा, नियुक्ति, सेवा सुविधा, नियमनलगायत विषयमा असन्तुष्टि व्यक्त गर्दै विभिन्न माग राखी नेपाल शिक्षक महासङ्घद्वारा २०८० असोज ३ गतेदेखि अनिश्चितकालीन विद्यालय बन्द गरी काठमाडौँमा जारी राखेको आन्दोलन तथा प्रदर्शनप्रति ध्यानाकर्षण भएको जनाएको छ। आयोगले यस सम्बन्धमा स्थलगत अनुगमन गरिरहेको छ।

विद्यालयका शिक्षक-शिक्षिकाले आफ्नो वृत्तिविकासका साथै संस्थागत हकहितका लागि माग राख्नु, विचार व्यक्त गर्नु, शान्तिपूर्ण प्रदर्शन गर्नु मानवअधिकारको मूल्य, मान्यता अनुकूल नै हुन्छ। तर आफ्ना माग सम्बोधन गराउन विद्यालय नै अनिश्चितकालीनरूपमा बन्द गरी पठनपाठन अवरुद्ध गर्नुले बालबालिकाको शान्तिपूर्ण वातावरणमा शिक्षा प्राप्त गर्ने अधिकारको उल्लङ्घन भएको देखिन्छ। यसबाट विद्यालय शान्ति क्षेत्र घोषणालाई समेत प्रत्यक्ष असर परेको आयोगको बुझाइ छ। रासस

## सर्टिफिकेट हरायो

माछाबजार देखि भानु चोक जानेक्रममा मेरो निम्न व्होरा भएको Degree Certificate (Bachelor of Civil Engineering) मिति २०८०/०५/२१ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगाना अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः** किशुन देव मण्डल
**ठेगानाः** जि. धनुषा, जनकपुरधाम उ.म.न.पा.-२४, सोनापाडा
University Seat No. (USN) :- IVT16CV036
University :- Visesvaraya Technological University, Belagavi, Karnatka State, India

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



श्री बलभद्र जयन्तीको अवसरमा जनकपुरधाममा बिहीबार ब्याहुत सेवा समिति कलवार कुद्विद्वारा निकालिएको शोभायात्रामा सहभागीहरु। तस्बिर : टुडे

# पार्टीका नाममा चलाइएका नक्कली सामाजिक सञ्जाललाई एमालेले कारबाही गराउने

काठमाण्डु । नेकपा (एमाले)ले सो पार्टी र नेतृत्वका नाममा अनधिकृतरूपमा नक्कली (फेक) आइडी प्रयोग गरी सामाजिक सञ्जालमार्फत भ्रमपूर्ण समाचार सम्प्रेषण गरी आम नागरिक र पार्टीपङ्क्तिभित्र अफवाह फैलाइएको पाइएको भन्दै त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

एमालेको केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले आज विज्ञप्ति जारी गरी सामाजिक सञ्जालको दुरुपयोग गरी अनधिकृत र अज्ञात व्यक्तिहरूबाट पार्टीको नाम, लोगो र झण्डा दुरुपयोग भइरहेकाले यसले पार्टीपङ्क्ति र जनसमुदायमा भ्रम सिर्जना हुने गरेको जनाउनुभएको छ।

"सामाजिक सञ्जालको दुरुपयोग रोक्न पार्टी र पार्टी नेतृत्वसँग जोडेर बनाइएका फेक एकाउन्ट बन्द गर्नुपर्ने चौतर्फी दबाब आएकाले सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ", उहाँले भन्नुभएको छ।

विज्ञप्तिमा भनिएको छ, "पार्टीको नाम, लोगो, झण्डा र पार्टी नेताहरूको नाम जोडेर सञ्चालन भएका सबै एकाउन्ट सञ्चालकहरूलाई १५ दिनभित्र पार्टीको केन्द्रीय प्रचार विभागको सम्पर्कमा आउन अनुरोध गरिन्छ। अन्यथा यस्ता फेक एकाउन्ट सञ्चालकका बारेमा आवश्यक कानूनी प्रक्रियामा जान पार्टी बाध्य हुने कुरा सूचित गरिन्छ।" रासस

# शिक्षकहरुले अघि सारे आफ्ना माग

**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षक-कर्मचारीहरूले पेशागत हितका मागहरू अघि सारेर आन्दोलन गरिरहेका छन्। संसद्मा दर्ता भएको विद्यालय शिक्षा विधेयकको विरोधमा उनीहरू दुई दिनदेखि काठमाडौं केन्द्रीत आन्दोलनमा छन्।

उनीहरूले विगतमा आफूहरूसँग सरकारले गरेको सहमति कार्यान्वयन गर्नुपर्ने र सोही आधारमा विधेयकमा संशोधन गर्नुपर्ने माग अघि सारेका हुन्।

नेपाल शिक्षक महासंघको नेतृत्वमा रहेको आन्दोलनले विधेयकको विभिन्न दफामा संशोधन गर्नुपर्ने भन्दै १८ बुँदे माग अघि सारेको छ। तर, उनीहरूले भनेअनुसार विधेयकमा संशोधन गर्न सम्भव देखिँदैन। यदि संशोधन नै गर्नुपर्ने हो भने त्यो भन्दा पहिला संविधान संशोधन गर्नुपर्ने देखिन्छ।

शिक्षाविद् विमल फुयालले कतिपय माग सम्बोधन गर्न संविधान नै संशोधन गर्नुपर्ने बताए। शिक्षक कर्मचारीहरूले स्थानीय पालिकाको मातहतमा बस्न नसकिने बताएका छन्। पालिका मातहत काम गर्दै जाँदा निकै दुःख पाउने गरेको भन्दै आफूहरूलाई प्रदेश अथवा संघअन्तर्गत राख्नुपर्ने माग उनीहरूको हो।

नेपालको संविधानले कक्षा १२ सम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएको छ। संविधानको अनुसूची ८ अन्तर्गत पालिकाका २१ वटा एकल अधिकार छन्। त्यसमा माध्यमिक तहसम्मको अधिकार छ। शिक्षक, कर्मचारीमाथि कारबाहीको अधिकार स्थानीय तहमा दिन नहुने महासंघको माग छ। त्यसका लागि प्रदेश अथवा संघीय सरकार मातहत नै राख्नुपर्ने बताएका छन्। यो माग सम्बोधनका लागि पनि संविधान नै संशोधन गर्नुपर्ने देखिन्छ।

त्यस्तै, ट्रेड युनियनको अधिकार हनन गरिएको उनीहरूको भनाई छ। संविधानको धारा ३४(३) ले श्रमिकको ट्रेड युनियनको हकको व्यवस्था गरेको छ। अहिलेको विधेयकले यो हकलाई निस्तेज गर्ने गरी केही दफाहरू प्रस्तावित गरिएको भन्दै महासंघले आपत्ति जनाएको हो। संविधानको भावना विपरीतका यस्ता प्रबन्ध ऐनमा नराख्न माग तिनले राखेका छन्।

त्यस्तै, शिक्षक कर्मचारीको पेशागत सुरक्षाको सवालमा त्यसको अधिकार स्थानीय तहलाई दिएको छ। विभागीय कारबाहीको (ग्रेड वृद्धि रोक्ने, बढुवा रोक्ने, पेशाबाट बर्खास्त गर्ने जस्ता) अधिकार स्थानीय तहलाई प्रस्ताव गरेको छ। यो प्रबन्धमार्फत राज्यले पञ्चायत कालको ऐनभन्दा निरंकुश प्रबन्ध गर्न खोजेको महासंघको ठहर छ।

पालिकामा यो अधिकार रहँदा राजनैतिक पक्षधरता र आग्रहका आधारमा अनाहकमा शिक्षक-कर्मचारी दण्डित हुने अवस्था आउने महासंघको भनाई छ। यस्तो हुन नदिन यी अधिकारमध्ये ग्रेडबृद्धि र बढुवा रोक्काको अधिकार जिल्ला शिक्षा अधिकारीमा र सेवाबाट बर्खास्त गर्ने अधिकार शिक्षक सेवा आयोगको परामर्शमा प्रदेश निर्देशनालयको प्रमुखमा राखिनुपर्ने महासंघको माग छ।

यो विधेयकमा शिक्षकको सरुवाको सबै अधिकार पालिकामा प्रस्तावित गरिएको छ। त्यस्तै, कार्यसम्पादन मूल्याङ्कनमा पनि पालिकालाई मुख्य भूमिकामा राखिएको छ। यसो हुँदा शिक्षकको पेशागत सुरक्षा र वृत्ति विकास स्थानीय राजनैतिक आग्रहको सिकार हुने उनीहरुमा डर छ। यो प्रबन्धमा परिवर्तन गरी नयाँ ऐनमा महासंघसँग भएको सहमतिअनुसार गर्न भनिएको हो।

# कांग्रेस केन्द्रीय समितिमा शिक्षक आन्दोलनबारे छलफल

**टुडे समाचारदाता**

काठमाण्डु। सानेपामा बिहीबार बसेको नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा शिक्षक आन्दोलनको विषयबारे पनि



छलफल भएको छ।

बैठकमा उपसभापतिसमेत रहेका कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काले शिक्षकहरूसँग सरकारले वार्ता थालेको जानकारी गराएका छन्। 'उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा आजदेखि शिक्षकहरूसँग वार्ता सुरू भएको छ,' खड्काले भने, 'शिक्षकहरूको समस्या समाधान हुन्छ, हामीले समस्या समाधान गर्छौं।'

शिक्षकहरूले मुलुकको अवस्था र संविधानले गरेको प्रबन्धलाई बुझेको खड्काको भनाइ छ। 'शिक्षक आन्दोलनले उठाएका सवालका सन्दर्भमा सरकारबाट अग्रसरता लिइरहेको छ,' उनले भने, 'समाधान निस्किन्छ।' उनले यसअघि शिक्षकहरूसँग गरिएका सहमतिबाट सरकार पछि नहट्ने बताएका छन्।

'शिक्षकहरूको पेसागत अवस्थालाई सुधार र व्यवस्थित गर्न सरकार खुला छ,' उनले भने, 'ऐनमा, नियमावलीमा, कार्यविधिमा कसरी व्यवस्था गरेर समस्याहरूलाई समाधान गर्न सकिन्छ भन्नेबारे छलफल गर्न तयार छौं।'

सरकारले ल्याएको विद्यालय शिक्षा विधेयकमा असन्तुष्टि जनाउँदै शिक्षकहरूले बुधबारदेखि काठमाडौं केन्द्रित आन्दोलन जारी राखेका छन्। नेपाल शिक्षक महासंघ र उपप्रधानमन्त्री श्रेष्ठसहितले आज बिहान गृह मन्त्रालयमा वार्ता गरे पनि छलफल निष्कर्षमा पुगेको थिएन।

केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्य नैनसिंह महरले शिक्षा विधेयक अपुरो रहेको बताएका थिए। 'शिक्षकका र कर्मचारीका मागबारे पनि बोल्नुपर्ने अवस्था छ। परिवर्तनका लागि लडेका शिक्षकले पनि संविधानलाई क्रस गर्ने गरी माग राख्छन् भन्ने मलाई लाग्दैन,' उनले भने। उनले शिक्षा विधेयकबारे पार्टीले पनि धारणा सार्वजनिक गर्नुपर्ने बताए।

# अझै सङ्घीयता कार्यान्वयनमै उल्झन

जनकपुरधाम। राज्यको मूल संरचनालाई सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गर्दै राज्यशक्तिको प्रयोग पनि तीनै तहबाट हुने व्यवस्थासहित संविधान जारी भएको पनि आठ वर्ष भयो। सोही व्यवस्थामा टेकेर पहिलोपटक २०७४ सालमा आम निर्वाचन भएयता सात सय ६१ स्थानबाट शासकीय अभ्यास हुन थालेको पनि साढे छ वर्ष भइसकेको छ तर यति छोटै समयमा सङ्घीयतालाई परिणाममुखी बनाउन नसकेको भनेर नेतृत्वकर्ता आलोचित हुन थालेका छन्।

पूर्वन्यायाधीश गिरिशचन्द लाल जनताको दृष्टिबाट हेर्दा संविधान कार्यान्वयनले अपेक्षाकृत गति लिन नसकेको र तीन तहका सरकारबीच अधिकार प्रयोगका हिसाबले भइरहेको उल्झनले निरासालाई थप प्रश्रय दिइरहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "संविधानको भावनानुसार जनतालाई न्यायको अनुभूति गराउने कुरामा तीन तहका सरकार र मूल राजनीतिक नेतृत्वको शासकीय गतिविधि ठीक बाटोमा गइरहेको छैन।

लोकतन्त्र र सङ्घीयताले आवधिक निर्वाचन र बहुदलको शासन मात्रै कल्पना गर्दैन भन्ने हेक्का नराखेको जस्तो देखिन्छ।" नागरिक अगुवा डा विजय सिंहले पनि एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा जाँदा परिणाम देखिन केही समय लागे पनि शासकीय अभ्यासकर्ताले प्रवाह गरिरहेको सन्देश भने सकारात्मक हुनुपर्ने बताउनुभयो। "जनविद्रोह, बलिदानी र सडक सङ्घर्षको बलमा स्थापित यो व्यवस्थासँग नागरिकको अगाध आस्था छ। हिजोको बलिदानी र सङ्घर्ष एकथान संविधान ल्याउनका लागि मात्रै थिएन। यो संविधान शासनसत्तालाई जनताको जीवनसँग जोड्दै अवस्था बदल्नुपर्छ भन्ने भावनाको निष्कर्ष पनि हो तर सोअनुसार परिणाम दिन सकिएको छैन", डा विजय सिंहले भन्नुभयो।

पूर्वन्यायाधीश लालले नेपालमा व्यवस्था बदल्नका लागि सङ्घर्ष हुने तर जुन उद्देश्यका साथ व्यवस्था बदलिएको हो सोअनुसार अवस्था बदल्न चुक्ने प्रवृत्ति अहिले पनि कायम रहनु दुर्भाग्यपूर्ण भएको बताउनुभयो। "अहिले जति पनि निरासा, वितृष्णा र गुनासा छन्, त्यसको कारण लोकतन्त्र वा सङ्घीयता होइन। शासकीय शक्तिको अभ्यास गर्ने व्यक्ति, निकाय र तहका गतिविधिले त्यस्तो हुनजान्छ", लालले भन्नुभयो, "त्यसैले पछिल्लो परिवर्तनको औचित्य स्थापित गर्न ढिलाइ गर्नुहुन्न। समय छँदै सबै सचेत बनौं।"

पूर्वमुख्यसचिव डा सोमलाल सुवेदी पनि सङ्घीयता कार्यान्वयनका लागि आधारभूत अङ्गको रुपमा रहेका तीन निकायबीचको सहकार्य र समन्वयले अपेक्षाकृत गतिलिन नसकिएको बताउनुहुन्छ। संविधान घोषणापछि बनेको उच्चस्तरीय सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचना निर्देशक समितिका सदस्य सचिव तथा सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचना समन्वय समितिका संयोजकसमेत रहिसक्नुभएका डा सुवेदी राजनीतिक सङ्घीयता र वित्तीय सङ्घीयता कार्यान्वयनमा केही राम्रो प्रयास भए पनि सङ्घीयताको प्राविधिक पक्ष र कार्यसम्पादनकर्ताको रुपमा रहेको प्रशासनिक सङ्घीयता व्यवस्थापन प्रभावकारी हुन नसकेको धारणा राख्नुहुन्छ।

"हामी राजनीतिक सङ्घीयता कार्यान्वयनको हिसाबले धेरै अगाडि बढिसकेका छौँ। वित्तीय सङ्घीयताबारे केही गुनासा सुनिए पनि वडा तहसम्म राज्यको स्रोत, राजस्व बाँडफाँट वा बजेट तथा कार्यक्रम पुगेकै छ तर प्रशासनिक सङ्घीयताको महत्वपूर्ण पक्ष कर्मचारी व्यवस्थापन, सुरक्षा बन्दोबस्तको विकेन्द्रीकरणका सवालमा ऐन, कानुन निर्माणको कुरा अहिले पनि बहसमै छ। यो ढिला भयो, जसको प्रभाव तपाइँले देखिरहनुभएकै छ", डा सुवेदी भन्नुहुन्छ।

**'अपजस जति प्रदेशमा'**

शासनका लाभहरूको समन्यायिक र समानुपातिक वितरण गर्न चाहने इच्छाशक्ति (नीति र नेतृत्व), कानुन (अधिकार) को समुचित बन्दोबस्त र कार्यसम्पादन (प्रशासन) कर्ताबीचको सन्तुलन नमिल्दा सङ्घीयताको सबलीकरणमा समस्या भइरहेको भन्नेहरू धेरै छन्। स्वयं प्रदेश सरकारको नेतृत्वकर्ता सबैभन्दा बढी असन्तुष्ट छन्।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव शासनाधिकार दिने तर त्यसको कार्यान्वयनका लागि आवश्यक 'प्रशासन' नदिएर प्रदेश संरचनालाई नै निकम्मा सावित गर्न खोजिएको भन्दै पटकपटक सङ्घीय सरकारमाथि खनिनुहुन्छ। उहाँ सङ्घीय सरकारको नेतत्वकर्ताको अनिच्छाले अधिकार फुकुवा र संयोजन नगरिदिँदा कार्यसम्पादनमा जटिलता उत्पन्न भएको तर प्रदेशले काम गरेन भनेर चौतर्फी आक्रमण भइरहेको धारणा राख्नुहुन्छ।

"मधेस प्रदेशले सङ्घीयताको संस्थागत विकासका लागि अरुभन्दा एक कदम अगाडि बढेर कानुन बनाएको जगजाहेरै छ। व्यवस्थालाई नागरिकको जीवनसँग जोड्न दलित, महिला, बालबालिका, युवाको सशक्तीकरण तथा सुशासनका लागि कानुन तर्जुमा गर्‍यौँ तर त्यसको कार्यान्वयन गर्न केन्द्रकै मुख ताक्नुपर्छ, अनि कसरी काम गर्ने ?", मुख्यमन्त्री यादव प्रश्न गर्नुहुन्छ।

शासन गर भन्ने तर शक्ति र अधिकारको विकेन्द्रीकरण नचाहने, कर्मचारी, प्रहरी प्रशासन नदिने, स्रोतसाधनको न्यायोचित वितरण गर्न नसक्नेजस्ता सङ्घीय सरकारको व्यवहारले प्रदेश सरकारको अनुभूति गराउन अनेकन चुनौतिको सामना गर्नुपरिरहेको मुख्मन्त्री यादवको भोगाइ छ।

मधेस प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउतले संविधानको मर्मअनुसार सङ्घीय सरकारबाट सहयोगभन्दा बढी असहयोग हुने गरेको गुनासो गर्नुभयो। त्यसै कारण आफू नेतृत्वमा हुँदा अधिकार र क्षेत्राधिकारका सम्बन्धमा विवाद भएपछि नेपाल सरकारविरुद्ध सर्वोच्च अदालतमा विभिन्न छ वटा मुद्दा/रिट दायर गर्नुपरेको राउतले स्मरण गर्नुभयो।

"प्रहरी, प्रशासन (कर्मचारी) कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय, वन व्यवस्थापन र अन्य क्षेत्राधिकारमा केन्द्र सरकारको हस्तक्षेपविरुद्ध छ वटा मुद्दा सर्वोच्च अदालतमा हाल्यौँ तर अहिलेसम्म त्यसको सुनुवाइ गरिएन", राउतले रासससँग भन्नुभयो, "सङ्घीयताको संस्थागत विकासका लागि ढिलासुस्ती सबैभन्दा बाधक हो किनकी जनताले अब धैर्यता गर्नेवाला छैनन्। अधिकार प्रत्यायोजन र त्यसको कार्यान्वयनमा जति ढिलाइ गर्‍यो, त्यति नै यो व्यवस्थामाथि आक्रमण हुन थाल्छ। अहिले त्यही त भइरहेको छ!", उहाँले आक्रोस पोख्नुभयो।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरले संविधानले राजनीतिक, प्रशासनिक र वित्तीय सङ्घीयता सँगसँगै अगाडि बढ्ाउनुपर्ने परिकल्पना गरे पनि सोअनुसार हुन नसकेको बताउनुभयो। "विधायिकी र कार्यकारी अधिकारसहितको तीन तह भन्नुको अर्थ संविधानअनुसार हरेक तहले आफूलाई आवश्यक कानुन बनाई त्यसैको अधिनमा रही शासन गर्ने भन्ने हो", ठाकुरको भनाइ छ, "तर शासकीय अभ्यास गर्दा तीनै तहबीच तालमेल नमिल्दा संविधान आएको आठ वर्ष र जनप्रतिनिधिबाट शासन हुन थालेको साढे छ वर्ष हुँदा पनि सेवाप्रवाहमा जटिलता छ। यसमा सबै गम्भीर बन्नुपर्ने बेला आयो।"

मधेस विद्रोहलगायत धेरै आन्दोलनलाई नजिकबाट देख्नु र भोग्नुभएका डा.सिंह सत्ताभोगको उल्झनमा लागेर संविधानको मूलकार्य ओझेलमा पर्दै गएको बताउनुहुन्छ। "कानुनमा सङ्घीयता आए पनि व्यवहारद्वारा औचित्य पुष्टि गर्न सकिएको छैन तर दोषजति प्रदेशलाई थोपर्न खोजिँदै छ। कुन उद्देश्यका साथ प्रदेश बनाइयो र अहिले किन प्रभावकारिता बढेको छैन भन्ने कुराको समीक्षा गर्ने कि नगर्ने ? मलाई लाग्छ संविधान ल्याउने मूलशक्ति नै अहिले सत्ताको मूल अंशियार भएकाले उनीहरूले जवाफ दिनसक्नुपर्छ" डा.सिंहले आग्रह गर्नुभयो।

> मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव शासनाधिकार दिने तर त्यसको कार्यान्वयनका लागि आवश्यक "प्रशासन" नदिएर प्रदेश संरचनालाई नै निकम्मा सावित गर्न खोजिएको भन्दै पटकपटक सङ्घीय सरकारमाथि खनिनुहुन्छ। उहाँ सङ्घीय सरकारको नेतत्वकर्ताको अनिच्छाले अधिकार फुकुवा र संयोजन नगरिदिँदा कार्यसम्पादनमा जटिलता उत्पन्न भएको तर प्रदेशले काम गरेन भनेर चौतर्फी आक्रमण भइरहेको धारणा राख्नुहुन्छ।

**'शासन छ तर शक्ति छैन'**

मधेस प्रदेशमा ११ वटा मन्त्रालय र मातहतमा एक सय ५२ निकाय छन् तर तीमध्ये शान्ति सुव्यवस्था कायम गर्ने प्रहरी प्रशासनमा प्रदेशको पहुँच छैन। वन, पशु, शिक्षा, भूमिलगायत कर्मचारी प्रशासन प्रदेशमा छ तर धेरै अधिकार सङ्घमै।

मुख्यमन्त्री कार्यालयका सचिव रामकृष्ण पुडाशैनीले सङ्घीय निजामती ऐन नआउँदाको प्रभाव सबै तहका निकायमा परेको बताउनुभयो। उहाँले एकातर्फ कर्मचारीको अभाव र अर्कोतर्फ भएकै कर्मचारीमा पनि कानुनी, कार्य वातावरण र वृत्ती विकासको अन्योलताले उच्च मनोबलका साथ काम गर्नसक्ने अवस्था नरहेको बताउनुभयो।

"हो, प्रशासनिक सङ्घीयताको मुख्य 'पिलर' का रुपमा रहेको कर्मचारी प्रशासन उत्साहित छैन। सङ्घीय निजामती सेवा ऐन नआउँदा कर्मचारी निराश छन्। समायोजनमा आएका कर्मचारीको बढुवा, व्यवस्थापन, भविष्य सुरक्षाको अन्योलताले व्यावसायिकरुपमा 'फ्रस्टेड' हुने अवस्था छ।

तत्कालीन जिल्ला विकास समिति, विभिन्न समिति र आयोजनाका कर्मचारी अवकाशपछिको सेवा सुविधा, स्थानीय तहका कर्मचारीको अन्तिम गन्तव्य के हुने ? जस्ता प्रश्नले कार्यसम्पादनमा असर परिरहेको छ। यसलाई सम्बोधन गर्न सक्नुपर्छ", पुडासैनीले भन्नुभयो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव राजेशकुमार मिश्रले २०७५ सालमा कायम दरबन्दीमध्ये हालसम्म ३५ प्रतिशतभन्दा बढी कर्मचारी रिक्त रहेकाले सोचेअनुरुपको कार्यसम्पादन गर्न नसकिएको बताउनुभयो। उहाँका अनुसार प्रदेशका ११ मन्त्रालयमध्ये पाँच मन्त्रालय अहिले पनि निमित्त सचिवको भरमा चलिरहेका र मन्त्रालयका लागि स्वीकृत चार सय ४१ कर्मचारीमध्ये करिब ६० प्रतिशत मात्रै पूर्ति गरिएको छ। प्रदेश लोकसेवा आयोगबाट झिनो सङ्ख्यामा कर्मचारी पूर्ति गरिएका छन्।

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको सिफारिसमा सरकारले २०७५ चैतमा कर्मचारी समायोजन गर्दा सङ्घमा ४८ हजार चार सय नौ (३५ प्रतिशत), प्रदेशहरूमा २२ हजार दुई सय ९७ (१६ प्रतिशत) र स्थानीय सरकारमा ६६ हजार नौ सय आठ (४९ प्रतिशत) दरबन्दी स्वीकृत गरेको थियो। सोअनुसार मधेस प्रदेशको भागमा परेका तीन हजार ५२ कूल दरबन्दीमध्ये करिब दुई हजार एक सय कर्मचारी मात्रै समायोजन भएर आएका थिए। कर्मचारीको अभावमा भएकै अधिकार र बजेट खर्च गर्न हम्मेहम्मे छ। खर्च क्षमतालाई देखाएर सङ्घीय सरकारले चालु आर्थिक वर्षमा पहिलेको भन्दा रु पाँच अर्ब अनुदान कटौती गरेर पठाएको यहाँको बुझाई छ।

"प्रशासनिक सङ्घीयता कार्यान्वनको हिसाबले त २०७५ को कर्मचारी समायोजनभन्दा अगाडि बढ्न सकेको छैन। प्रदेशले कायम गरेन, सुशासन दिएन, जनअपेक्षा सम्बोधन भएनजस्ता आरोप छन् तर शासन भएर मात्रै के गर्नु ? अधिकार र दक्ष जनशक्ति छैन भने", मुख्यमन्त्री यादवले भन्नुभयो, "सङ्घ सरकारका नेतृत्वले सङ्घीयता कार्यान्वयनका लागि कुरा गर्ने तर का नगर्ने कारण के हो ? कतिसम्म अल्झाउने हामीलाई ? अब अरु प्रदेशले के गर्छन् थाहा छैन तर मधेसको जनता र यहाँको सरकारले थप धैर्य गर्नेवाला छैन। चाडपर्व सकिएलगत्तै नयाँ ढंगले अगाडि बढ्छौं।"


**'गम्भीर समीक्षा जरुरी'**

मुख्य न्यायाधिवक्ता ठाकुरको शब्दमा नेपालको सङ्घीयता 'शिशु' अवस्थामा छ। त्यसैकारण अहिले नै 'शिशु सङ्घीयता' दगुरेन भन्नु हतारो हुनेछ तर यो व्यवस्थाले ल्याएका अभूतपूर्व उपलब्धिहरूको रक्षा गर्ने बाटोमा हामी छौं कि छैनौं भन्ने समीक्षा भने अपरिहार्य रहेको ठाकुरको मत छ। पूर्व न्यायाधीश लालले पनि अहिलेका अन्यौलता चिर्ने मूल दायित्व परिवर्तन पक्षधर मूल राजनीतिक शक्तिहरूको नै भएकाले संवैधानिक, सैद्धान्तिक र व्यवहारिक विरोधाभाषलाई चिर्दै नागरिक हित रक्षाका लागि अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो। "देशका समग्र व्यवस्थालाई राजनीतिले नै नेतृत्व प्रदान गर्ने हो। राजनीतिक नेतृत्व सुध्रने, बदल्ने र सम्हालिएर तात्कालीन अभिभारा पूरा गर्न केन्द्रीत हुनुपर्छ। जनताको आक्रोस्, निराशा र जटिलतालाई सम्बोधन गर्न सुझबुझका साथ अगाडि बढ्न मेरो आग्रह छ।"

डा सिंहले पनि संविधानको भावनाअनुसार हालसम्म भएका राम्रा र नराम्रा दुबै पक्षहरूको गम्भीर समीक्षा गरी अगाडि बढ्नुको विकल्प नभएको बताउनुभयो। "अहिलेसम्मको उपलब्धि, संविधान कार्यान्वयनको गति ठीक 'लिक' मा छ वा छैन भन्ने विषयमा स्वतन्त्र समीक्षा गर्ने निकाय बनाएर मूल्याङ्कन गरौ", सिंहले भन्नुभयो,"सदन र सडक (नागरिक आन्दोलन) बाट एकखालको दबाब, समीक्षा र मूल्याङ्कन गरेर जानसकेमा मात्रै हामीले परिवर्तनको अभिभारा ठीक ढङ्गले पूरा गर्ने देख्छु।"

पूर्वमुख्यमन्त्री राउत संविधान घोषणा गर्ने मूल शक्तिहरू नै अहिले पनि संविधान कार्यान्वयनको मुख्य जिम्मेवारीमा रहेकाले ती शक्तिहरू इमान्दार भएमा समस्या समाधानको बाटो जटिल नरहेको देख्नुहुन्छ। "संविधानले धेरै कुरा लिपिबद्ध गरेको छ। नसमेटिएका विषय र मधेसका सरोकारहरू संविधान संशोधनमार्फत सम्बोधन गरौं भनिरहेकै छौं। संविधानले दिएको अधिकार सहजरुपमा प्रयोग गर्ने र बाँकी सवाल संशोधन गर्दै जानु नै वर्तमान समस्याको निकास हो", राउतले भन्नुभयो।

मुख्यमन्त्री यादवले पनि संविधान निर्माणपछिको पहिलो निर्वाचनको पहिलो वर्षभित्र भएका केही कामबाहेक सङ्घीयताको संस्थागत विकासमा 'हलो अड्काउने' काम भएकाले अब तत्काल प्रदेश र स्थानीय सरकारलाई विश्वासमा लिएर जनतालाई न्याय दिनुपर्ने बताउनुभयो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## आन्दोलनको स्वरुप परिवर्तन गर

सामुदायिक भनिने तर समुदायको स्वामित्व र नियन्त्रण नभएका सरकारी विद्यालयका शिक्षकहरू आन्दोलनमा उत्रेका छन् । उनीहरूको आन्दोलनका कारण सरकारी विद्यालयमा पठनपाठन ठप्प भएको छ । शिक्षकको संख्या देखेरै त होला सत्ता पक्षका नेताहरूले 'शिक्षकका माग पूरा गर' भन्न थालिसकेका छन् । प्रतिपक्ष त यसै पनि सरकारको विरोधमा हौसिने नै भयो । काठमाण्डु महानगरपालिका र केही पालिका बाहेक सायद अरू स्थानीय तहले शिक्षकहरूले विद्यालय बन्द गरे कारबाही गर्ने चेतावनी दिएका छैनन् । यद्यपि, प्रस्तावित शिक्षा ऐनमा भने महानगरपालिकाले पनि असहमति जनाएको छ । अहिलेको आन्दोलनमा राखिएका कतिपय माग उचित पनि होलान् तर तिनलाई पूरा गराउन अपनाइएको विधि भने पक्कै गलत हो । विद्यालयमा पठनपाठन बन्द नगरी आन्दोलन गर्ने उपाय खोज्नुपर्थ्यो । शिक्षा विधेयकको मस्यौदामा नेपाल शिक्षक महासंघले दिएका सुझाव समावेश नगरिएको भन्दै काठमाण्डुमा सडकमा प्रदर्शन गरिएको छ । यसैबीच सरकार र महासंघका प्रतिनिधि वार्तामा बसे पनि टुंगोमा पुग्न भने सकेनन् । आन्दोलनका मागहरू प्राविधिक र प्रशासनिक प्रकृतिका देखिए पनि राज्य व्यवस्था र आर्थिक अवस्थासँग जोडिएका छन् । यी सबै तानातानीमा शिक्षाको गुणस्तरको प्रश्न सधैं झैं गौण हुनपुगेको छ । दरबन्दी सिर्जनालगायतका विषयमा राज्यलाई थपिने व्ययभारको लाभ र लागतको विश्लेषण हुनुपर्छ । शिक्षक वा कुनै समूहका लागि पनि राज्यले धान्न नसक्ने व्यवभार थोपर्न मिल्दैन । यस्तै सेवा आयोगको परीक्षासमेत नदिइ स्थायी हुने र निवृत्तिभरण पाउनुपर्ने माग न्यायोचित देखिँदैन । अरू सेवाका कर्मचारीले पनि यस्तै माग राखेर आन्दोलन गर्न थाले भने के होला ? यी सबैभन्दा पनि स्थानीय तहको मातहत नरहने भन्ने मागमा त झन् सिद्धान्ततः सम्झौता हुनै सक्दैन । शिक्षकहरूलाई स्थानीय तहको अधिकार क्षेत्रबाट बाहिर राख्न त संविधान संशोधन नै गर्नु पर्छ । यसैले व्यवहार र सिद्धान्तका दृष्टिले नमिल्दो र शिक्षणको गुणस्तरमा प्रतिकूल प्रभाव पर्ने माग राखेर आन्दोलन गर्नु बुद्धिमानी होइन । राजनीतिक नेताले तिनका माग समर्थन गर्नुपूर्व विचार गर्नु उचित हुनेछ । कानुन बनाउँदा सरोकारवालाको हितलाई बेवास्ता गर्नु हुँदैन । तर, शिक्षा ऐनले सबैभन्दा पहिले त विद्यार्थीले स्तरीय शिक्षा पाउने सुनिश्चित गर्नुपर्छ । शिक्षकको हित त्यसभन्दा पछि आउने हो । यसैले शिक्षक महासंघले सडक आन्दोलन बन्द गर्ने र सरकारले उनीहरूका भनाइ संसदसम्म पुग्ने वातावरण बनाउनु उचित हुनेछ । यस्तै शिक्षाविद् र अर्थविद्हरूका तर्क पनि संसदीय समितिमा सुनिनुपर्छ । सबैको तर्क सुनेर अन्तिम निर्णय त विधायकहरूले नै गर्ने हो । सडक आन्दोलनले ऐन बनाउन ढिलो हुनेबाहेक अरू उपलब्धि हुनेछैन । बरू संसदीय समितिमा हुने छलफलमा शिक्षक प्रतिनिधिले आफ्नो पक्ष राम्रोसँग राखेर संसद्हरूलाई सहमत गराउन सके ऐन पनि बन्छ र माग पनि पूरा हुन्छ । गुरुहरूबाट यति समझदारीको अपेक्षा गर्नु अन्यथा हुँदैन होला !

# संविधानले सम्झिएका सुशील र सुवास

**एकराज पाठक**

नेपाल अधिराज्यको संविधान, २०४७ जारी गर्दा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई कति गाह्रो पर्‍यो होला ? नेपालमा दुई-दुईपटक संविधानसभाको निर्वाचन गरेर बल्लतल्ल संविधान जारी भएको घटनाका प्रत्यक्षदर्शी भएकाले भट्टराईको त्यो अप्ठेरोको अनुमान सहजै लगाउन सक्छौं । सहज होस् पनि कसरी ? तीस वर्षको अभ्यासमा संविधानमाथि रहेका राजालाई संविधानमुनि राख्नुपरेको थियो र देशको शासनसत्ताको बागडोर राजनीतिक दलमा ल्याउनुपरेको थियो ।

त्यसैले विसं २०४६ को जनआन्दोलनले प्रजातन्त्रको पुनःस्थापना गरेपछि बनेको अन्तरिम सरकारका सामु संवैधानिक राजतन्त्रात्मक संविधान निर्माण पहिलो र जटिल काम थियो । राजा वीरेन्द्रको राजनीतिक उदारताबाट चाँडै बहुदलीय व्यवस्थाको घोषणा हुन पुग्यो भनिरहेका पञ्चायतका शक्तिहरूले राजालाई संविधानको तल राख्न मानिरहेका थिएनन् । तर सरकारका सामु प्रजातान्त्रिक संविधान निर्माण गरी लागू गर्नुपर्ने गहन दायित्व थियो ।

त्यो जिम्मेवारीलाई तत्कालीन प्रधानमन्त्री भट्टराईले कुशलतापूर्वक बहन गर्नुभयो । बहुदलवादी सबै राजनीतिक दलहरूको सहमतिबाट संविधान निर्माण गरी जारी पनि गर्नुभयो । उहाँको यो कार्यकुशलताको स्मरण वर्तमान संविधान निर्माणका क्रममा खुबै भएको हो । छ सयभन्दा बढी सदस्य रहेको संविधानसभाको निर्वाचन दुई-दुई पटकसम्म हुँदा पनि संविधान निर्माण गर्न नसकेपछि राजनीतिक विश्लेषकहरूले 'किसुनजी' लाई सम्झिएका थिए ।

हो, नेपालमा लोकतान्त्रिक संविधानको जग उहाँको नेतृत्वमा जारी भएको सो संविधानबाट नै बसेको हो । नेपाल अधिराज्यको संविधान २०४७ लाई विश्वले नै लोकतान्त्रिक संविधानका रूपमा सम्मान गरेको थियो । प्रेस स्वतन्त्रता र सूचनाको हकजस्ता विषय सो संविधानमा पनि विश्वका अरु लोकतान्त्रिक संविधानभन्दा कम थिएनन् । सो संविधानले सूचनाको हकका विषयमा गरेको व्यवस्था दक्षिण एसियाकै पहिलो तथा उत्कृष्ट थियो ।

नेपालमा विसं २००७ मा घोषणा गरिएको संविधानसभाको निर्वाचन त्यसको करिब सात दशकपछि भयो । पहिलो संविधानसभाले समयमै संविधान निर्माण गर्न नसकेर दुई-दुई पटक निर्वाचन भयो । त्यस समयमा नेपाली जनता र राजनीतिक बृत्तमा कृष्णप्रसाद भट्टराईको नाम खुबै लिइएको हो । उहाँले तोकिएकै समयमा प्रजातान्त्रिक संविधान कसरी जारी गर्न सक्नुभयो होला भनेर उहाँको उदाहरण खुबै लिइयो ।

यहाँ उठान गर्न खोजिएको प्रसङ्ग भने वर्तमान संविधानको हो । यो संविधान निर्माण र घोषणाको इतिहास पनि कम्ती जटिल र संवेदनशील थिएन । नेपालको लोकतान्त्रिक शासन व्यवस्थालाई हातमा लिएर एकातर्फ राजाले आफैं मुलुकको कार्यकारी प्रमुख भएको घोषणा गरेका थिए भने अर्कातर्फ देशमा १० वर्षदेखि सशस्त्र द्वन्द्व जारी थियो । यता द्वन्द्वरत पक्षले देशमा संविधानसभामार्फत गणतन्त्रको स्थापना चाहन्थ्यो । तर कांग्रेस संविधानसभाको पक्षमा अझै उभिएको अवस्था थिएन । न त यो मानसिकतामा अरु कम्युनिष्ट शक्तिहरू नै तयार भइसकेका थिए । द्वन्द्वरत पक्षलाई शान्ति प्रक्रियामा ल्याउने, राजसंस्थाको अन्त्य गरी मुलुकमा गणतन्त्रको स्थापना गर्नेजस्ता विषयको बहस भर्खरै सुरु भएको थियो । त्यो परिस्थितिको मुकाबिला गर्नका लागि किसुनजीजस्तै अर्का सादगी नेता थिए- सुशील कोइराला । वर्तमान संविधान जारी गर्नका लागि त्यस समयका राजनीतिक दलहरूसँगको सहकार्यमा उहाँले निर्वाह गर्नुभएको भूमिका ऐतिहासिक थियो ।

सुरुमा संविधान लेख्नै गाह्रो र संविधान बनेपछि फेरि जारी गर्न समस्या । विसं २०७२ को असोज ३ गते अर्थात् आजकै दिन संविधान जारी गर्ने काममा कोइरालाले व्यहोर्नुपरेको ठक्कर र टक्करको विगत अझै ताजै छ । उहाँले यो संविधान जारी गर्ने बेलाको अवस्था यस्तो सुनिएको थियो कि उहाँ नभएर अरु कोही भएको भए त्यसबेला संविधान आउन निकै कठिन थियो । यो वास्तविकता धेरैलाई थाहा भए पनि धेरै प्रचारमा भने आएन ।

मुलुकका कार्यकारी प्रमुखका रूपमा सुशील कोइरालाले कसैको कुरा सुन्नुभएन । उहाँले यतिमात्र भन्नुहुन्थ्यो, "अहिले तत्कालै जारी भएन भने यो स्वरुपको संविधान नै नेपालमा आउँदैन । तत्कालै जारी भएन भने हामीले चाहेको जस्तो संविधान नै नेपालमा आउँदैन ।" उहाँको यो अडानमा सबै राष्ट्रिय राजनीतिक दलका नेताहरूको पनि समर्थन रह्यो र संविधान जारी गर्ने काम सम्भव भयो ।

देश सरकार परिवर्तनको मात्र अवस्थामा नभएर शासकीय स्वरुप नै परिवर्तनको सङ्घारमा थियो । अ भ स्पष्टरूपमा भन्नुपर्दा दे श सङ्



क्रमणकालीन अवस्थामा थियो । सङ्क्रमण पनि यस्तो थियो कि एक पार्टीको सरकार गएर अर्को अर्थात् एउटा सत्ता गएर अर्को प्राप्तिको अवस्था थिएन । संसद् पुनःस्थापनापछि २०६३ साल जेठ ४ गतेको प्रतिनिधिसभाको घोषणाबाट अघि बढेको मुलुकका अघि धेरै संवैधानिक प्रश्नहरू विभिन्न कोणबाट आइरहेका थिए । यो ऐतिहासिक घोषणाले संवैधानिक राजतन्त्रको भूमिका कटौती गरेर अब गणतन्त्र उन्मुख अवस्थामा लग्यो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट तत्कालीन पुनःस्थापित संसद्मा 'प्रतिनिधिसभाको घोषणा-२०६३' प्रस्ताव प्रस्तुत भयो र सर्वसम्मत अनुमोदन पनि भयो ।

त्यो घोषणा यस्तो म्याग्नाकार्टा थियो जसले राजाका सबै विशेषाधिकार खारेज गरेको थियो र कार्यवाहक राष्ट्राध्यक्षको अधिकार पनि अब प्रधानमन्त्रीबाट हुने व्यवस्था भएको थियो । संसद्ले सर्वसम्मतिले मुलुकको सम्पूर्ण राजकीय र सम्प्रभु अधिकार प्रयोग गर्ने अधिकार आफैँले लिएको थियो । यसरी साढे दुई सय वर्ष पुरानो नेपालको राजसंस्थाको अधिकार संसद्को बैठकको एउटै घोषणाले कटौती गर्दा यस घोषणाको दिगोपनाका बारेमा अनेक प्रश्न उठेका थिए । राजनीतिक बजारमा अनेकन आशङ्काहरू जन्मिएका थिए । राजाबाट प्रयोग भइआएका सबै अधिकारहरू प्रधानमन्त्री र सभामुखमा आउँदाको समय पक्कै पनि संवेदनशील नै थियो ।

यस्तो परिस्थितिमा सबैले मान्ने खालको संविधान निर्माण र जारी गर्ने काम पक्कै पनि सजिलो थिएन । राजनीतिक दलका फरक-फरक सोच र उद्देश्य थिए नै । राजनीतिक दलहरूको मूलभूत उद्देश्य संविधानभन्दा 'सत्ता' भएपछि त्यसैका निम्ति झगडा फस्न पुगे । राजनीतिक दलहरूबीच सत्ताकै निम्ति गठबन्धन बन्ने र भत्कने क्रम मुलुकमा भित्रियो । पहिलो संविधानसभाकालमा त प्रधानमन्त्रीका निम्ति १७ पटकसम्म निरन्तर चुनाव भएको दृश्यले नागरिकमा बढ्दो राजनीतिक वितृष्णालाई थप मलजल गरेको थियो ।

राजनीति दलबीचको यस्तो तिक्ततापूर्ण सम्बन्ध र राजनीतिक परिस्थिति हुँदाहुँदै पनि संविधानसभाबाट संविधान निर्माण समिति गठन गरी मस्यौदा कोर्ने क्रम भने सुरु भयो । समितिहरूले प्रतिवेदनका ठेलीहरू बनाए । तर दलहरूबीच मतान्तरकै कारण २०६८ जेठ १४ मा संविधान जारी भएन । त्यही दिन दलहरूले संविधानसभाको आयु तीन महिना बढाउँदै पाँच बुँदे सम्झौता गरे । जसमा 'तीन महिनाभित्र संविधानसभाबाट संविधानको पहिलो मस्यौदा तयार गर्ने' उल्लेख थियो । तर सहमतिअनुरुप तीन महिनाभित्र मस्यौदा तयार भएन । त्यसपछि म्याद थप्दै अघि बढ्ने क्रम निरन्तर रह्यो । अन्ततः दोस्रो संविधानसभाकालमा अनेक सङ्कट र विवाद चिर्दै संविधानको मस्यौदा तयार भयो र मुलुकले २०७२ असोज ३ ऐतिहासिक दिनका रूपमा जननिर्मित संविधान पायो । देशमा देखिएको राजनीतिक सहमति, एकता र सहकार्यको प्रतिफलबाट देशले संविधान पायो ।

संविधानसभाबाट अत्यधिक मतले संविधान पारित भएको घोषणा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले गर्नुभयो । उहाँले त्यस समयमा राजनीतिक दलहरूलाई संविधान निर्माणको एजेण्डामा एक ठाउँमा ल्याउने र तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई सारथि बनेर सघाउने काम गर्नुभयो । नेम्वाङबाटै भएको थियो संसद्बाट यो संविधानको घोषणा र पछि प्रमाणीकरण पनि । राष्ट्रपति डा रामवरण यादवले संविधान उचाल्नुभयो, त्यसअघि प्रधानमन्त्रीले संविधान पेस गर्नुभयो र अध्यक्ष नेम्वाङले संविधानसभाबाट संविधान जारी भएको घोषणा गर्नुभयो । त्यसपछि संविधानसभा सदस्यहरूले लगातार दुई मिनेटसम्म टेबल ठोकेका थिए । उनीहरूको हाँसो र खुसीको सीमा नै थिएन । हात मिलाउने र गला मिलाउने दृश्य संविधानसभाभित्र देखियो । राष्ट्रपति डा रामवरण यादव, प्रधानमन्त्री कोइराला र सभाध्यक्षको कुर्सीमा आसिन नेम्वाङ सबै भावुक हुनुभयो । संविधानसभाभित्र टेबल ठोक्न सुरु गरेपछि बाहिर नागरिकले दीपावली सुरु गरे । मुलुकले संविधान पाएको खबर देशभर सञ्चार भयो ।

भनिन्छ, युद्ध जित्न सशक्त सारथि चाहिन्छ । त्यस समयका प्रधानमन्त्री कोइरालाका सारथि हुनुहुन्थ्यो नेम्वाङ । कोइरालाले नेम्वाङजस्ता सारथि पाउनुभयो र त संविधान जारी गरीछाड्ने युद्ध जित्नुभयो । उता सुवासको सुवास झन् संविधानसँगै जोडिएको र फैलिएको थियो । प्रधानमन्त्री कोइरालाले आफ्ना सबै समस्या अध्यक्ष नेम्वाङसँग राख्नुहुन्थ्यो र अब कसरी अघि बढ्ने भन्ने सल्लाह लिनुहुन्थ्यो । कार्यकारी प्रमुखका रूपमा कोइरालाले खेल्नुपर्ने भूमिका त छँदै थियो यता विधायिकाको प्रमुखका रूपमा नेम्वाङले निर्वाह गर्नुभएको भूमिकाले पनि यो संविधान जारी गर्ने कामका लागि एउटा दरिलो टेको प्रदान गर्न सकेको थियो ।

कुनै पनि भवन या भौतिक संरचनालाई बाहिरबाट हेर्दा देखिएको सुन्दरताले त्यसको सबै पक्ष र पृष्ठभूमि बोल्दैन, देखाउँदैन । कुनै सुन्दर संरचना यसै ठडिँदैन र यसका लागि त्यसको पछाडि पृष्ठभूमि हुन्छ । त्यसको जिम्मेवारी र जगमा कसै न कसैले कुनै न कुनै रूप या स्वरूपमा योगदान पुर्‍याएको हुन्छ । अथवा त्यो भवनको जगको ढुङ्गा (शिलान्यासको शिला)को धेरै ठूलो महत्व हुन्छ । जगको ढुङ्गाले नै त्यस भवनको पूरै भारबहन गरेको हुन्छ, सिङ्गो भवनलाई थेगेको हुन्छ ।

हो, वर्तमान संविधानको जगको ढुङ्गाका रूपमा सुशील र सुवास हुन् भन्दा गल्ती हुँदैन । जगको शिलालाई अढ्याउन त्यस वरपरका अरु शिलाका रूपमा राजनीतिक दलका नेताहरू छँदै थिए । जनप्रतिनिधिहरूको संस्था संविधानसभाले तयार पारेको स्वरूपमा यो संविधान जारी गर्न त्यस समय सुशील र सुवासले बहन गरेको भार आज संविधान दिवसका दिन स्मरण गर्नु जरुरी छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय दबाबका बाबजुद उहाँहरूको त्यस कठिन समयको अर्जुनदृष्टिलाई आजका दिन स्मरण गर्न सकेनौं भने न्याय नहुन सक्छ । "दुई-दुई पटक देशमा संविधानसभाको निर्वाचन भयो । अझै पनि संविधान आएन भने हामी त असफल हुन्छौं नै, हाम्रो समग्र राज्य प्रणाली नै असफल हुनेछ । त्यसैले जनपक्षीय संविधान जारी गर्नुको अर्को विकल्प छैन", भन्ने उहाँहरूको साझा अठोट स्तुत्य छ ।

यही अठोटबाट नै मुलुकमा एक जुगमा आउने एक दिन आएको हो । उहाँहरू शिला भई अडिएको त्यही जगमा आज यो मुलुकको संविधान अडिएको छ र हामी त्यही संविधानको जगमा उभिएर लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास गरिरहेका छौं । तर दुःखद् आज मुलुकले नवौं दिवस मनाइरहेका बेला उहाँहरू हामीबीच हुनुहुन्न । आजका दिन देशको वर्तमान संविधानले झल्झली सम्झिएका सुशील र सुवासलाई हाम्रो पनि हार्दिक श्रद्धाञ्जली ।

# संविधानको मौलिक हक - निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनका चुनौती

**प्रकाश सिलवाल**

आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको मौलिक हक व्यवहारतः कार्यान्वयनमा अझै चुनौती देखिएको छ । नेपालको संविधानको मौलिक हक, धारा ३१ मा भएको उक्त व्यवस्था कार्यान्वयनका लागि राजनीतिक दलले आफ्ना चुनावी घोषणापत्रमा प्रतिबद्धता व्यक्त गरेका हुन्छन् भने नेपाल सरकारका हरेक वर्षका नीति तथा कार्यक्रममा यी विषयप्रतिको प्रतिबद्धता छुट्दैनन् तर स्रोत साधन र पूवाधारको अपर्याप्तताका कारण यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । यस धारामा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने ।' उल्लेख छ ।

सामुदायिक विद्यालयमा पर्याप्त लगानी तथा शिक्षक दरबन्दी नहुने र समयको मागसँगै अङ्ग्रेजी माध्यममा पनि पढाउनुपर्ने बाध्यता हुँदा अभिभावकसँग चन्दा वा सहयोगका नाममा शुल्क लिइन्छ भने निजी विद्यालयले आफ्नो लगानीको नाफा आर्जनका लागि शुल्क लिँदै आएका छन् । अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजना हुनुपर्नेमा त्यसरुपमा लगानी गर्न सकेको छैन ।

नेपाल सरकारले चालु आर्थिक वर्षमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ रु एक खर्ब ९७ अर्ब २९ करोड विनियोजन गरिएको छ । यो करिब ११ प्रतिशतन हुन आउँछ । नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेको प्रतिबद्धता, शिक्षा सरोकारवालाहरुको वकालत र अन्तर्राष्ट्रिय मान्यताअनुसार कुल राष्ट्रिय बजेटको १५ देखि २० प्रतिशतसम्म वा कुल ग्राहस्थ उत्पादनको ६ प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ । यथार्थमा पछिल्ला आर्थिक वर्षमा कुल बजेटको १२ प्रतिशत रकम मात्रै बजेट विनियोजना हुँदै आएको छ । हालसम्मको सबैभन्दा धेरै एक दशकअघिको आर्थिक वर्षमा शिक्षा बजेट १७ प्रतिशतसम्म पुगेको छ तर त्यसपछि क्रमशः ओरालो लागेको छ ।

शिक्षा क्षेत्रमा भएको बजेटको उचित सदुपयोग र लगानी अनुसारको प्रतिफल वा सिकाइ उपलब्धिमा सुधारको अवस्था पनि सन्तोषजनक हुन सकेको छैन । विद्यालय तहमा मुख्य विषयहरुमा विद्यार्थीको औषत सिकाइ उपलब्धि ५० प्रतिशतको हाराहारीमा रहेको छ । शिक्षामा लगानी वृद्धि, स्रोतको उपयोग र गुणस्तरीय सिकाइको प्रतिफल सिर्जनाका लागि नीतिगत र कार्यक्रमगत पक्षमै सुधार गर्न ढिला भइसकेको छ । शिक्षामा पहुँच विस्तार गर्नुका साथै पूर्वाधार निर्माण र गुणस्तर सुधार गरी उत्पादनशील र नवप्रवर्तनशील मानव पुँजी विकास गरिनेछ । तथ्य र विज्ञानमा आधारित शिक्षा प्रवर्द्धन गर्दै लगिने, प्रदेश र स्थानीय तहको सहकार्यमा रोजगारमूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्न विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइने घोषणा यसअघि पनि सरकारबाट आएका थिए ।

समाजवादोन्मुख संविधानको परिकल्पनाअनुसार शिक्षाका अधिकारको कार्यान्वयनमा पूर्णता नहुँदा शिक्षाको मौलिक हक केवल संविधान र कानुनका कागजमा सीमित भएका छन् । संविधानको मौलिक हकको कार्यान्वयनका लागि बनेको 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' मा चार वर्षदेखि १३ वर्ष उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्था गरेको छ । शिक्षण संस्थालाई विद्यार्थीलाई भर्नामा इन्कार गर्न हुँदैन भने ऐनमा व्यवस्था छ । यसको कार्यान्वयन जिम्मेवारी स्थानीय तहको हो तर केन्द्रीयस्तरमा अनुगमन र मूल्याङ्कनका लागि ठोस प्रबन्ध गरिएको छैन ।

यस ऐन प्रमाणीकरण भएको मितिलाई आधार मानी गत जेठ ९ गतेको मन्त्रिपरिषद्को बैठकले यस वर्षदेखि हरेक यही असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय गरेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ भन्नुहुन्छ, "मौलिक हकको कार्यान्वयनका लागि कानुन पनि बनिरहेको छ । माध्यामिक तहसम्म निःशल्क हुनुपर्छ भन्ने छ । त्यसका लागि मुलुकले आवश्यक पूर्वाधार बनाउनुपर्ने हुन्छ । त्यो अनुरुप देश पुग्न सकेको छ कि छैन हामीले हेर्नुपर्ने हुन्छ ।"

बजेटमा शिक्षालाई जीवनोपयोगी, आधुनिक, प्राविधिक र अनुसन्धानमुखी बनाइने, प्रारम्भिक बाल विकासलाई पुनः व्यवस्थित गर्ने, विद्यालयमा बालबालिकालाई ल्याउने, सिकाउने र टिकाउने कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्ने, विद्यालय स्रोत केन्द्रलाई पुनःस्थापना गर्ने, स्वदेश र विदेशमा प्राप्त गरिएको सीप परीक्षण र प्रमाणीकरण गर्ने, लक्षित छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा मेडिकल कलेज थप गर्नेलगायतका कार्यक्रम समावेश गरिएको छ ।

बजेटमा १० लाख छात्राहरुलाई केन्द्रित गरी निःशुल्क सेनेटरी प्याड वितरण र दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइएको छ । रु आठ अर्ब ४५ करोडको बजेट विनियोजित दिवा खाजा कार्यक्रममा जङ्क फुड (पत्रु खाना) निधेष गरी रैथाने र स्थानीय कृषि उपजबाट उत्पादित खाजाका लागि प्रोत्साहन गरिने भनिएको छ । यसबाट करिब ३२ लाख विद्यार्थी लाभान्वित हुने अपेक्षा गरिएको छ । शैक्षिक सत्र शुरु हुनु अगावै निःशुल्क पाठ्यपुस्तक वितरणका लागि रु तीन अर्ब दुई करोड विनियोजन गरिएको छ । यी बजेट विगतको तुलनामा सकारात्मक भए पनि संविधानको मर्मअनुसार निःशुल्क र अनिवार्य शिक्षाको प्रबन्धका लागि पर्याप्त छैन ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्मा निःशुल्क र अनिवार्य शिक्षाको संवैधानिक हकको कार्यान्वयनका लागि प्रयास भइरहे पनि सन्तोषजनक नभएको टिप्पणीलाई अस्वीकार गर्न नसकिने बताउनुहुन्छ । यता सरकारले विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० गत भदौ २७ गते संसदमा दर्ता गर्नु संविधानकै कार्यान्वयनका लागि सहायक मानिएको छ तर दर्ता भएको उक्त विधेयकमाथि बहुआयामिक क्षेत्रबाट विवाद र बहस सुरु भएको छ । वद्यालयको स्थापना र सञ्चालनको राष्ट्रिय मापदण्ड बनाई उचित व्यवस्थापनका लागि मन्त्रिपरिषद्बाट पारित गरी सो विधेयक दर्ता गरिएको हो । दर्तापछि विधेयकलाई सङ्घीय संसद् सचिवायले वेभसाइटमा समावेश गरेको छ ।

यस विधेयक पारितपछि विद्यालय स्थापनाका आधार स्पष्ट र पारदर्शी हुनेछ । विधेयकले निजी लगानीका विद्यालयको स्थापना र कक्षा थपको स्वीकृति प्रदान गर्दा स्थानीय तहले तोकिए बमोजिम सञ्चालन हुनेछ भने स्थानीय तहले तोकेको शीर्षक र सीमामा निजी विद्यालयले शुल्क लिन पाउने छन् । सार्वजनिक विद्यालयले शुल्क लिन पाउने छैनन् । नयाँ निजी विद्यालयको सञ्चालन गुठी (बोर्ड अफ ट्रष्टी) को मातहतमा हुनेछ भने हाल सञ्चालनमा रहेका निजी विद्यालय गुठीमा जान भने बाध्य हुने छैन ।

विधेयकले शिक्षकको तलब वृद्धिको अधिकतम् स‌ंख्या, २०७५ चैत ४ पछि नियुक्त हुने शिक्षकले निवृत्तिभरण कोष ऐन, २०७५ को व्यवस्था समेतका आधारमा कट्टा हुने र थप हुने रकम नियमावलीमा निर्धारण हुने प्रबन्ध गरेको छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अभिभावकमध्येबाट चयन हुने र विद्यालय कर्मचारीका लागि कर्मचारी सरहको सुविधा हुने उल्लेख छ । विधेयकमा भएका प्राबधान आफूहरुसँगको विगतको सहमति विपरीत भएकाले भन्दै नेपाल शिक्षक महासङ्घले आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ) का अध्यक्ष राजेन्द्र पहाडी हाल संसदमा दर्ता भएको विधेयकमा संविधानको उपर्युक्त मर्म विपरित निजी विद्यालयले तोकिएको शुल्क लिन पाउने प्रावधान राखिनुले संविधानमा व्यवस्था भएको अनिवार्य तथा निःशल्क शिक्षा र समाजवादोन्मुख शिक्षा प्रणाली विकास गर्ने मर्मलाई ठाडै चुनौती दिएको बताउनुहुन्छ । "शिक्षामा मौलाउँदै गएको निजीकरण र व्यापारीकरण रोकी संविधानले परिकल्पना गरेको समाजवादोन्मुख समाज निर्माण गर्ने हो भने विद्यालय शिक्षामा निजी लगानीको कडाइका साथ नियमन गर्नु अत्यावश्यक छ ।"

संविधानको मर्म र जनताको चाहना विपरीत विधेयक नआएको सांसद्हरुको पनि टिप्पणी आएको छ । शिक्षाविद् डा प्रमोद भट्टले सार्वजनिक शिक्षाको सबलीकरण र संविधानको मर्मअुसार विधेयक आउनुपर्नेमा कतिपय बुँदामा अस्पष्ट र निजीकरणमुखी विषय समावेश गरिएको जनाउनुहुन्छ । शिक्षाविद् विमल फुयाँलले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७६ को भावनालाई सम्मान नगरी विधेयक आउनुले संविधानको मौलिक हकको सम्मान नभएको बताउनुभयो ।

# सभामुख घिमिरेद्वारा आयरल्याण्डका समकक्षीसँग भेट



काठमाण्डु । आयरल्याण्ड भ्रमणमा रहनुभएका सभामुख देवराज घिमिरेले आयरल्याण्डका समकक्षीसँग भेट गर्नुभएको छ।

सभामुख घिमिरेले बुधबार राति आइरिस संसदको तल्लो सदन डोयल एरियनका सभामुख सानओ फारगेलसँग भेट गर्नुभएको हो। भेटमा दुई देशका संसदबीच संसदीय आदानप्रदान, द्विपक्षीय सहयोग लगायतका विषयमा कुरा भएको भेटमा सहभागी सभामुखका प्रमुख स्वकीय सचिव तेजप्रकाश भट्टराईले जानकारी दिनभयो।

नेपाल र आयरल्याण्डबीच सन् १९९९ अगष्ट १९मा कुटनीतिक सम्बन्ध स्थापनाभएको थियो। दुई देशबीच विगतमा पनि उच्चस्तरीय भ्रमण हुँदै आएका छन्। सन् २०१९ मा आयरल्याण्डको प्रतिनिधिसभाका सभामुख सानओ फारगेलले नेपाल भ्रमण गर्नुभएको थियो।

सभामुख घिमिरेले उच्चस्तरीय भ्रमणले दुई देशको आपसी बुझाइ, सदभाव तथा सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो। "दुई देशको सम्बन्ध प्रगाढ र बलियो बनाउन हाम्रा संसद र सांसदहरुको भूमिका छ," सभामुखले भेटमा भन्नुभयो, "संसदीय अभ्यासको आपसी अनुभव आदानप्रदानमार्फत संसदीय लोकतन्त्रलाई परिस्कृत गर्दै आफ्ना नागरिकहरु हक अधिकार सुनिश्चित गर्न सकिन्छ।"

सभामुख घिमिरेले नेपालमा नयाँ संविधान जारी भएपछि दुईपटक तीनै तहको निर्वाचन सम्पन्न भइसकेको जानकारी दिँदै संविधानले प्रदान गरेका मौलिकलाई कार्यान्वयन गर्न धेरै कानूनहरु निर्माण भइसकेको र केही कानूनहरु निर्माणका लागि संसदले काम गरिरहेको जानकारी दिनुभयो।

उहाँले नेपालको संघीय संसदमा मैत्री समूहहरु निर्माणको चरणमा रहेको जानकारी दिँदै आयरल्याण्डसँग सम्बन्ध स्थापित गर्न नेपाल-आयरल्याण्ड मैत्री समूह गठन गर्ने जानकारी दिनुभयो।

"त्यस समूहले दुई देशका संसदबीचको संवाद र सहकार्यलाई निरन्तर अघि बढाउनेछन्", सभामुखको घिमिरेले भन्नुभयो। उहाँले संसदीय अभ्यास सिकाइका लागि दुई देशको संसदका कर्मचारीबीच आदानप्रदान कार्यक्रम सञ्चालन गर्न सकिने धारणा राख्नुभयो।

सभामुख घिमिरेले संयुक्त राष्ट्र संङ्, अन्तर-व्यवस्थापिका संघजस्ता बहुपक्षीय मञ्चमा जलवायु परिवर्तन र यसका प्रभावजस्ता विश्वव्यापी साझा मुद्दामा नेपाल र आयरल्याण्डले सहकार्य गर्न सक्ने धारणा राख्नुभयो।

आयरल्याण्डको प्रतिनिधिसभाका सभामुख सानओ फारगेलले सन् २०१९ मा भएको नेपाल भ्रमणमा आफूले पाएको न्यायो स्वागतको स्मरण गर्नुभयो। उहाँले नेपाल प्राकृतिकरुपमा धनी देश रहेको बताउँदै आफूले नेपाल जति सुन्दर मुलुक आफूले त्यसअघि भ्रमण नगरेको समेत उल्लेख गर्नुभयो। उहाँले आयरल्याण्डमा दुई देशको संसदीयमैत्री समूह गठन भइसकेको जानकारी दिँदै संसदीय आदानप्रदानमा जोड दिनुभयो।

आयरल्याण्डका सभामुखले आफ्नो मुलुकले वार्षिक अफ्रिकाका एक सय ६० विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको जानकारी दिँदै नेपाललाई पनि आइरिस अनुदानमार्फत समावेश गर्ने बताउनुभयो।

सभामुख फारगेलले आयरल्याण्डमा नेपाली विद्यार्थीहरुको उपस्थिति वृद्धि हुँदै गएको बताउँदै उनीहरुको शिक्षा र आवास प्रबन्धमा भएका समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले दुई देशबीच कृषि र खाद्यप्रविधिको आदानप्रदानको सम्भावना रहेको उल्लेख गर्नुभयो।

सभामुख घिमिरेले बुधबार नै आवास, स्थानीय सरकार तथा सम्पदामन्त्री दर्राघ ओब्रायनसँग भेट गर्नुभएको थियो। आइरिस संसदको तल्लोसदन डोयल एरियनका सभामुख सानओ फारगेलको निमन्त्रणामा आइतबार एक साताका लागि सभामुख घिमिरे आयरल्याण्डको राजधानी डब्लिन प्रस्थान गर्नुभएको थियो।

सभामुखको भ्रमण टोलीमा प्रतिनिधि सभाका सचिव पद्मप्रसाद पाण्डेय र सभामुखका प्रमुख स्वकीय सचिव तेजप्रकाश भट्टराई र नेपाली राजदूतावास, लन्डनका द्वितीय सचिव रामबाबु नेपाल सहभागी हुनुहुन्छ।

सभामुख घिमिरेले यसअघि माथिल्लो सदनसिनड एरियनका अध्यक्ष जेरी बटाइमरसँग शिष्टाचार भेट गर्नुभएको थियो। औपचारिक भ्रमण पूरा गरी सभामुख नेतृत्वको टोली असोज ७ गते नेपाल फर्कने कार्यक्रम छ। रासस

# आर्थिक समृद्धिका लागि सुशासन पूर्व शर्त : उपप्रधानमन्त्री श्रेष्ठ



काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकार मुलुकमा सुशासन, समृद्धि र सामाजिक न्यायको मूल मन्त्रलाई कार्यान्वयन गर्नका निम्ति अगाडि बढिरहेको बताउनुभएको छ। संसद्को राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै उहाँले राजनीतिक परिवर्तनको औचित्य पुष्टि गर्नका लागि पनि समृद्धि अपरिहार्य भएकाले नेपालको अहिलेको सन्दर्भमा सुशासन पूर्व शर्तजस्तै भएको उल्लेख गर्नुभयो।

"समृद्धिका लागि सुशासन पूर्व शर्त जस्तै बन्न पुगेको छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "त्यसकारण सुशासन कायम गर्ने, समृद्धिको यात्रा र प्रक्रियालाई तीव्रता प्रदान गरेर फड्कोको विन्दुमा पुर्‍याउने र त्यसपछि सामाजिक न्यायसँगसँगै सुनिश्चित गर्ने भन्ने लक्ष्यसहित सुशासनलाई प्राथमिकता दिएका छौँ।"

सरकारले राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा र सुदृढीकरणप्रति दृढ रहँदै सुशासन, समृद्धि र सामाजिक न्यायलाई आफ्नो तत्कालिन कार्यभारको मूल मन्त्र बनाएर अघि बढेको उहाँले उल्लेख गर्नुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले कानुनको शासन स्थापित लोकतन्त्रको महत्वपूर्ण पक्ष भएकाले यस दिशामा सरकार सक्रियताका साथ लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "कानुनी शासन स्थापित गर्नका निम्ति राज्यले समग्ररुपमा भूमिका खेल्नुपर्छ, राज्यले मात्र हैन, राज्यअन्तर्गतका सबै निकायले सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ, मुख्य जिम्मेवारी राज्य र सरकारको हो।"

सरकारले शान्तिसुरक्षा कायम गर्ने, दण्डहीनताको अन्त्य र अपराध नियन्त्रण गर्ने कामलाई प्राथमिकता दिएर अगाडि बढाइरहेको उहाँले उल्लेख गर्नुभयो। अहिले विभिन्न रुपबाट अपराध देखा परिरहेकाले त्यसलाई नियन्त्रण गर्न प्रविधिको विकास गरेर सीपयुक्त जनशक्ति निर्माणमा लागिपरेको उहाँको भनाइ छ।

उपप्रधानमन्त्री श्रेष्ठले देशको मौलिक विशेषताः बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृति तथा विविधताकोबीच एकता, सहिष्णुता र सौहार्दता हाम्रो मौलिक पहिचान र विशेषता रहिआएको हो तर, केहीसमययता, त्यसलाई कमजोर पार्ने प्रयत्न वा गतिविधिहरु भइरहेकामा चिन्ता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "हामीले कुनै पनि हालतमा मुलुकको विविधता र विशेषतालाई कमजोर हुन दिनुहुदैन। यो प्रशासनिक तवरबाट मात्रै हल गर्ने विषय होइन भन्नेमा सरकार छ, त्यसको अर्थ कानुनलाई लागू नगर्ने भन्ने कुरा पनि हुनसक्दैन। कानुन र प्रशासनले जति समयमै हस्तक्षेप गर्नुपर्ने हो त्यो गरिनेछ, तर, हामी सबैले हाम्रो मुलुक र समाजमा देखा परेको यो नकारात्मक पक्षप्रति सचेत हुँदै आआफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्नेछ, त्यसका निम्ति पनि म सबैमा अपिल गर्न चाहन्छु।"

**अवाञ्छित चलखेल शून्यमा**

उपप्रधानमन्त्री श्रेष्ठले प्रहरी सरूवा-बढुवामा हुनेगरेको भनिएको चलखेल र अवाञ्छित गतिविधि शून्यमा झारिएको बताउनुभयो। उहाँले पैसा वा अन्य कारणबाट हुने अवाञ्छित गतिविधि नियन्त्रण गरिएको उल्लेख गर्दै कार्यक्षमता, नियमसङ्गत, पारदर्शी ढङ्गले सरूवा बढुवाको काम गरिरहेको बताउनुभयो।

"आन्तरिकरूपमा सुशासन स्थापित नगरी सुशासन र सेवा प्रवाहको समग्रताको हाम्रो मिसन पुरा हुँदैन भन्ने गृह मन्त्रालयको निष्कर्ष छ", उहाँले भन्नुभयो, "आन्तरिक सुशासन भन्नाले समयमा कर्मचारी कार्यालय जानुपर्यो। सेवाग्राहीको फाइल अड्काउनु भएन, अनावश्यक र अवाञ्छित चलखेल पैसा वा अरू चलखेल भइरहेको छ भने हुन दिनु भएन। मापदण्डका आधारमा सरूवा बढुवा र पदस्थापन गर्नुपर्यो भनेर आन्तरिक सुशासनमा जोड दिउका छौं।"

उपप्रधानमन्त्री श्रेष्ठले विगतदेखि भइरहेको सरूवा बढुवाको अवाञ्छित गतिविधि शून्यमा झारेको विश्वास व्यक्त गर्नुभयो। "म कसैलाई पहिला यस्तो भएको थियो भनेर आरोपित गराउन चाहन्न तर, सुन्नमा आएको कुरा अवाञ्छित चलखेल हुनेगर्थ्यो बढुवा, सरुवा र पदस्थापनमा त्यो शून्यमा झारिएको छ, म त्यो ग्यारेन्टीका साथ भन्छु। सरुवा बढुवाको मापदण्ड अझै राम्रो भइसक्यो भन्ने पक्षमा छैन। यसलाई थप परिमार्जित र व्यवस्थित बनाउन जरुरी छ", उहाँले भन्नुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले समग्र सेवाको सुधारका निम्ति सुधार योजना बनाउने तयारी गरिएको जानकारी दिनुभयो। उहाँले समग्र सुधारका लागि एक कार्यदल एक-दुई दिनभित्रै घोषणा हुने र त्यसपछि छ वटा उप कार्यदल बनाइने बताउनुभयो। उहाँका अनुसार स्थानीय प्रशासन र सेवा प्रवाह, अध्यागमन सुधार, कारागार व्यस्थापन सुधार, राष्ट्रिय परिचयपत्र पञ्जीकरण र विपद् व्यवस्थापनको सुधार योजना बनाइनेछ। क्षमतावान र दक्ष जनशक्तिको व्यवस्थापन गरेर समग्र सेवा सुधारको प्याकेज बनाइनेछ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले आफ्नो मन्त्रालयअन्तर्गतका निकायमा योग र ध्यानलाई अनिवार्य बनाउन लागिपरेको पनि जानकारी दिनुभयो। उहाँले प्रहरीको कार्यक्षमता बढाउनका लागि यस्तो कार्यक्रम राख्न लागिएको जानकारी दिँदै यसले सुशासनको अभियानलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्यक्रम छिट्टै राष्ट्रपतिले उद्घाटन गर्नेसमेत उहाँले जानकारी दिनुभयो। बिहान कार्यालय पुगेपछि १५ मिनेट अनिवार्य ध्यान गनुपर्ने बताउनुभयो। यस्तो ध्यान कुनै धर्म सम्प्रदायको नभई वैज्ञानिक किसिमको हुने उहाँको भनाई छ। उहाँले पश्चिमा देशमा पनि कार्यालय तथा विद्यालयमा ध्यान गराएर मात्र काम अघि बढाउन थालिएकोसमेत जानकारी दिनुभयो।

समितिको बैठकमा मुख्यसचिव डा वैकुण्ठ अर्यालले सरकारी सेवालाई चुस्त र प्रभावकारी बनाउने सुशासन प्रवर्द्धनमा सरकारका सबै नियका सक्रिय ढङ्गले लागिपरेको बताउनुभयो। गृहमन्त्रालयका सचिव दिनेश भट्टराईले मुलुकको समग्र शान्ति सुरक्षालाई सुदढृढ तुल्याउन मन्त्रालय र मातहतका निकाय लागि परेको बताउनुभयो। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले देशमा शान्तिसुरक्षा कायम गर्न, अपराध नियन्त्रण तथा सीमा सुरक्षामा भइरहेको कामबारे समितिलाई अवगत गराउनुभएको थियो।

समितिका सभापति रामहरि खतिवडाले विशिष्ट र अतिविशिष्ट व्यक्तिबाहेक अन्य व्यक्तिका लागि मापदण्डविपरीत खटाइएका 'पिएसो', सवारी चालक र भान्सेको मापदण्ड १५ दिनभित्र फर्काउन सरकार र सम्बन्धित निकायलाई निर्देशन दिएको छ। सरकारका मन्त्रीलगायत सम्पूर्ण पदाधिकारीले नियमअनुसार प्रयोग गरेको र नियमविपरीत प्रयोग गरेको भए फिर्ता गर्न तथा विदाका दिन सञ्चालन हुने अत्यावश्यक सरकारी सेवाको कार्यान्वयनबारे समितिलाई जानकारी गराउन निर्देशनसमेत उहाँले दिनुभयो। रासस

## उपप्रधानमन्त्री श्रेष्ठसँग शिक्षक महासङ्घसँग भेटवार्ता

काठमाण्डु । सङ्घीय संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका कतिपय प्रावधानप्रति असन्तुष्टि जनाउँदै आन्दोलनमा उत्रिएका नेपाल शिक्षक महासङ्घ र उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटवार्ता भएको छ। काठमाण्डु केन्द्रित सडक आन्दोलनको दोस्रो दिन बिहीबार उपप्रधानमन्त्री श्रेष्ठसँग महासङ्घको नेतृत्वले महासङ्घको नेतृत्वले भेटवार्ता गरेको हो।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईसमेत सहभागी वार्तामा उपप्रधानमन्त्री श्रेष्ठले आन्दोलनलाई मर्यादित बनाउन आग्रह गर्नुभएको थियो। शिक्षक नेताहरुले देशभरका सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीका माग पूरा गरेर फर्कने निधोका साथ काठमाण्डु आएकाले माग सम्बोधन नभएसम्म आन्दोलन स्थगन नहुने अडान लिएका थिए।

महासङ्घका अध्यक्ष कमला तुलाधरले आफूहरुको ट्रेड युनियन अधिकारलाई सुनिश्चितता हुनुपर्ने माग गर्दै आन्दोलनको रुट व्यवस्थापन लागि आग्रह गर्न आफूहरु भेट्न गएकाले यसलाई वार्ताका रुपमा नलिन आग्रह गर्नुभयो।

माइतीघर मण्डलामा भेला भएका शिक्षक र कर्मचारीको आन्दोलनका कारण काठमाण्डुको मुख्य क्षेत्रको सवारी आवागमन प्रभावित भएको छ। हाल मुलुकभर २७ हजार तीन सय ४३ सामुदायिक विद्यालय छन् भने स्थायी राहत गरी एक लाख ५७ हजार तीन सय ४३ शिक्षक कार्यरत छन्। यस्तै सामुदायिक विद्यालयमा कक्षा १२ सम्म ५३ लाख ८२ हजार छ विद्यार्थी छन्। महासङ्घले अस्थायी प्रकृतिका शिक्षकको स्थायित्व, विद्यालय कर्मचारीको दरबन्दी सृजना, विद्यालय संरचनाबाहिर रहेका बाल कक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्याङ्कनलगायतका विषयमा सम्बोधन माग गर्दै आएको छ।

सरकार र महासङ्घबीच २०७५ फागुन ९ गते र २०७८ फागुन ९ गते भएका सम्झौताहरुलाई विधेयकले यथोचित सम्बोधन नगरेको महासङ्घको गुनासो छ। नेपाल सरकारले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता गरेको थियो। रासस

# संविधानमा जनताको हकअधिकार अत्यधिक समेटिएको : मुख्यमन्त्री कार्की

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपालको संविधानमा जनताको हक अधिकार अत्यधिक समेटिएको बताउनुभएको छ।

आन्तरिक मामिला तथा कानुनमन्त्रालयद्वारा आज यहाँ आयोजित नेपाल प्रहरी कोशी प्रदेश प्रमुख एवं प्रहरी नायब महानिरीक्षक राजेशनाथ बास्तोला र सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी पकली सुनसरीका प्रमुख एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेललाई रु ४७ लाख मूल्य बराबरको विभिन्न विपद् सामग्री हस्तान्तरण गर्दै उहाँले हाम्रो संविधानले मानव अधिकार मौलिकको सुनिश्चितता गर्नाका साथै राज्यको निर्देशित सिद्धान्तमा उल्लेखित कुरा विश्वका अन्य मुलुकको भन्दा ज्यादा रहेको प्रष्ट पार्नुभयो।



आन्तरिक मामिला तथा कानुनमन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका मुख्यमन्त्री मुलुकको आर्थिक प्रगति, राजनीतिक स्थायित्व, राष्ट्रिय एवं प्रदेशको पहिचान कायम राख्न हामी सबै लाग्नुपर्नेमा जोड दिनुभयो।

हालका दिनमा बढदो आत्महत्या गर्नेक्रम रोकथामका लागि सुरक्षा निकायले गर्ने सचेतना कार्यक्रमलाई प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले मुलुकको सबै प्रकारको सुरक्षा व्यवस्था सुद्दृढ गर्न सुरक्षा निकायको भूमिका महत्वपूर्ण भूमिका रहेको छ भन्नुभयो।

मुख्यमन्त्री कार्कीले दुई सुरक्षा बलसँग सरकारले समन्वय गरेर जनमैत्री फोर्सका रुपमा विकास गर्ने र मुलुकको सार्वभौमिक सत्तादेखि लिएर सुदृढ सुरक्षा कायम गरी गरिमा कायम गर्ने विश्वास व्यक्त गर्नुभयो। रासस

# कांग्रेस केन्द्रीय कार्यसमिति सदस्यमा आठ जना मनोनीत

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीको केन्द्रीय कार्यसमिति सदस्यमा आठ जना मनोनित गरेको छ।

कांग्रेस सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीको विधान, २०१७ (संशोधन सहित) को धारा २१ को उपधारा (१०) बमोजिम बिहीबार आठ जनालाई केन्द्रीय कार्यसमिति सदस्य पदमा मनोनयन गर्नुभएको हो।

मनोनित हुनुहुनेमा मानबहादुर विश्वकर्मा (अर्घाखाँची), अर्जुनप्रसाद जोशी (पर्वत), डा चन्द्रकान्त भण्डारी (गुल्मी), शिवप्रसाद हुमागाई (काभ्रेपलाञ्चोक), किरणराज शर्मा पौडेल (बाग्लुङ), भरतकुमार शाह (रुपन्देही), शारदा पौडेल (कास्की) र अनिलकुमार रुंगटा (पर्सा) लाई मनोयन गर्नुभएको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। रासस


**लक्ष्मीनियाँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लक्ष्मीनियाँ बजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८०/०६/०५**

यस कार्यालयबाट आ.व. २०८०/८१ का लागि आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्तद्वारा संकलन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही दरभाउपत्र फाराम यस गाउँपालिकाबाट खरिद गर्न र ८ औं दिनको १२:०० बजेभित्र सो दिन सार्वजनिक विदा परे त्यसको भोलिपल्ट सिलबन्दी दरभाउपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | कुल न्यूनतम अंक | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| ३/२०८०/८१ | गजरिया बजार, ल.गा.पा.-३ | ७०,०००।- | १०००।- |

**शर्तहरू :**

१. बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
२. ठेक्का अवधी पट्टा पत्र पाएको मिति देखि २०८१ आषाढ मसान्त सम्म हुनेछ।
३. उलेख्य नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ।
४. अन्य शर्तहरु गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

### भारत क्यानाडा तनाव

# कुटनीतिज्ञ 'कटौती' गर्न नयाँदिल्लीको माग

**एएफपी**

नयाँदिल्ली। एक सिख पृथकतावादीको हत्याको विषयलाई लिएर उत्पन्न विवाद चर्किंदै गएपछि नयाँ दिल्लीले भारतमा रहेका क्यानाडेली कुटनीतिक कर्मचारी कटौतीको माग गरिरहेको र भिसा सेवा बन्द गरेको जनाएको छ। क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत जुनमा भ्यानकुभरनजिकै हरदीप सिंह निज्जरको हत्यामा भारतीय एजेन्टको भूमिका रहेको भन्ने आरोपलाई गम्भीरताका साथ लिन भारतसँग माग गर्नुभएको छ।

यस परिणामले निज्जरको हत्यामा भूमिका खेलेको कुनै पनि भनाइलाई 'बेतुकको हल्ला' भन्दै भारतले आरोपको खण्डन गरेको र कुटनीतिक अधिकारीको निष्कासनको मार्गलाई अँगालेको थियो। यो आरोपले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत र जी-७ सदस्य क्यानडाबीचको तनावपूर्ण सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको छ।



भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भन्नुभयो, "हामीले क्यानाडा सरकारलाई कूटनीतिक उपस्थितिमा समानता हुनुपर्छ भनेर सूचित गरेका छौं।" उहाँले भन्नुभयो, "यहाँ उनीहरूको सङ्ख्या क्यानाडामा हाम्रो भन्दा धेरै छ। त्यसमा कमी हुनुपर्छ भन्ने मलाई लाग्छ।" नयाँदिल्लीले पनि क्यानडामा भिसा आवेदनहरू ह्यान्डल गर्न बन्द गरेको बताएको छ, 'सुरक्षा खतराहरू' कारक देखाउँदै उनीहरूले यसले आफ्ना अधिकारीहरूको काममा 'बाधा' पुऱ्याइरहेको बताएका छन्।

"हालका लागि क्यानडाको सुरक्षा अवस्था र क्यानडा सरकारको अकर्मण्यताका कारण हामीले अस्थायी रूपमा भिसा सेवा बन्द गरेका छौं," बागचीले भन्नुभयो। केही घण्टाअघि क्यानडाको उच्चायोगले आफ्ना कर्मचारीलाई 'विभिन्न सामाजिक सञ्जालमा धम्की' दिएपछि भारतमा रहेका कूटनीतिज्ञको सङ्ख्या 'समायोजन' गर्ने बताएको थियो। क्यानडाको नियोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "तनाव बढेको वर्तमान वातावरणलाई मध्यनजर गर्दै हामी हाम्रा कूटनीतिज्ञहरूको सुरक्षा सुनिश्चित गर्न कदम चालिरहेका छौं।"

विज्ञप्तिमा भनिएको छ, "परिणामस्वरूप, र सावधानीको प्रचुरताको कारण, हामीले अस्थायी रूपमा भारतमा कर्मचारीहरूको उपस्थिति समायोजन गर्ने निर्णय गरेका छौं।" क्यानाडेली नियोगले त्यहाँबाट बाहिरिने व्यक्तिको सङ्ख्याबारे विस्तृत विवरण नदिए पनि आफ्ना कार्यालयहरू 'खुला र सञ्चालन' भएको बताउँदै आफ्ना कर्मचारीको सुरक्षा सुनिश्चित गर्न आह्वान गरेको छ।

"भारतले त्यहाँ हाम्रा मान्यता प्राप्त कूटनीतिज्ञहरू र कन्सुलर अधिकारीहरूको सुरक्षाप्रदान गर्नेछ भन्ने आशा गर्दछौं, जसरी हामी उनीहरूका लागि गरिरहेका छौं," विज्ञप्तिमा भनिएको छ। सोमबार ओटावाले क्यानडामा भारतीय विदेश गुप्तचर सेवाका प्रमुख भनिएका एक कूटनीतिज्ञलाई देश निकाला गरेपछि नयाँ दिल्लीले क्यानडाका एक कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएको थियो।

भारतको विदेश मन्त्रालयले क्यानडामा रहेका आफ्ना नागरिकको सुरक्षाका लागि चिन्ता व्यक्त गरेको एक दिनपछि भिसा स्थगन गरिएको हो। "धम्कीले विशेषगरी भारतीय कूटनीतिज्ञ र भारतविरोधी एजेन्डाको विरोध गर्ने भारतीय समुदायका एक वर्गलाई लक्षित गरेको छ," मन्त्रालयले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

भ्यानकुभरको उपनगर सरेमा रहेको सिख मन्दिरबाहिर दुई जना नकाबधारी आक्रमणकारीले निज्जरको गोली हानी हत्या गरेका थिए। खालिस्तान भनिने सिख राज्यको निर्माणको लागि एक अभियानकर्मी निज्जरलाई भारतीय अधिकारीहरूद्वारा कथित आतङ्कवाद र हत्या को षड्यन्त्रको लागि खोजी गरिएको थियो। क्यानडास्थित विश्व सिख सङ्गठनका अनुसार निज्जरले ती आरोप अस्वीकार गर्नुभएको छ।

भारत सरकारले ओटावामाथि कट्टरपन्थी सिख राष्ट्रवादीहरूको गतिविधिप्रति आँखा चिम्लेको आरोप लगाएको छ जसले उत्तरी भारतबाट स्वतन्त्र राज्यको निर्माणको वकालत गर्छन्। ट्रुडोले सोमबार निज्जरको मृत्युको अनुसन्धान सार्वजनिक गर्नुअघि नै सङ्कटको सङ्केत देखिएको थियो।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यसै महिनाको सुरुमा जी-२० मा ट्रुडोसँगको भेटमा 'क्यानडामा चरमपन्थी तत्वहरूको भारत विरोधी गतिविधि जारी रहेकोमा कडा चिन्ता व्यक्त गर्नुभएको थियो। क्यानडाले पनि भारतसँग स्वतन्त्र व्यापार सम्झौताका लागि वार्ता स्थगित गरेको थियो र गत हप्ता क्यानडाका व्यापार मन्त्रीले अक्टोबरमा हुने भनिएको भारते भ्रमण रद्द गर्नुभएको थियो।

यो मामिलाले भारतसँग अमेरिकी सरकारको पहललाई जटिल बनाउन सक्छ, जसले हालैका वर्षहरूमा दुबै देशहरूले आफ्नो सम्बन्धलाई निरन्तर सुधार गर्दै आएका छन्। वासिङ्टनले एशिया-प्रशान्त क्षेत्रमा चिनियाँ प्रभावको सामना गर्न नयाँ दिल्लीलाई एक प्रमुख सहयोगीको रूपमा हेर्छ।

## क्यानडाबाट भारतीय भिसा बन्द भएको घोषणा

**एएनआई**

ओटावा। भारतले क्यानडाको राजधानी ओटावास्थित आफ्नो दूतावासबाट जारी गर्दै आएको प्रवेशाज्ञा ९भिसा० सेवा बन्द गरेको छ। अर्को सूचना जारी नभएसम्मका निम्ति भिसा सेवा बन्द गरिएको दूतावासका निम्ति सेवा प्रवाह गर्दै आएको बिएसएल इन्टरनेशनल सर्भिसेजले बिहीबार जनाएको छ।

विगत केही समयदेखि बिएसएल इन्टरनेशनल सर्भिसेजले भारत सरकारका निम्ति भिसा, राहदानी, 'कन्सुलर', प्रमाणीकरण र नागरिक सेवा प्रवाहका साथै प्रबन्ध गर्दै आएको छ। बिएसएले सरकारी र विश्वका विभिन्न देशमा रहेका भारतीय कूटनीतिक नियोगमा सेवा प्रवाह गर्दै आएको छ।

उक्त कम्पनीले आज एक सूचना जारी गर्दै भारतीय भिसा सेवा अर्को सूचना नभएसम्म स्थगन गरिएको जनाउँदै बेलाबेलामा कम्पनीको वेबसाइट हेर्न सम्बन्धित सबैलाई आग्रह गरेको छ।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्याको पछाडि भारत सरकारको हात रहेको आरोप लगाएपछि भारत-क्यानडा सम्बन्धमा तनाव उत्पन्न भएको छ।

आतङ्कवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जुनमा क्यानडाको ब्रिटिश कोलम्बियास्थित गुरुद्वारा बाहिर गोली हानी हत्या गरिएको थियो।

क्यानाडाको संसद्मा प्रधानमन्त्री ट्रुडोले आफ्नो देशको राष्ट्रिय सुरक्षा अधिकारीहरूले निज्जरको हत्यामा भारत सरकारका 'एजेन्ट'हरू संलग्न रहेका विश्वसनीय प्रमाण रहेको जानकारी दिएका बताउनुभएको थियो।

क्यानडाका प्रधानमन्त्री र विदेश मन्त्रीले लगाएको आरोपलाई भारतको विदेश मन्त्रालयले अस्वीकार गर्दै दुवै नेताका भनाइलाई 'बेतुक' बताएको थियो।

भारतको विदेश मन्त्रालयले बुधबार भारतीय नागरिक, क्यानडामा रहेका विद्यार्थी र भारत फर्कने योजनामा रहेकाहरूलाई सावधानी अपनाउन सुझाव दिएको छ। भारत विरोधी गतिविधि भएका क्षेत्र र हुनसक्ने सम्भावित स्थानमा नजान भारतीय नागरिक र भारतीय विद्यार्थीहरूलाई आग्रह गर्दै मन्त्रालयले विशेष सावधानी अपनाउन आग्रह गरेको छ।

# एसियन खेलकुदअघि ललित घाइते

**टुडे समाचारदाता**

काठमाण्डु। हाङझावमा हुने १९ औं एसियाली खेलकुदमा भाग लिन चीन जानुअघि नेपाली राष्ट्रिय क्रिकेट टिमका स्पिनर ललितनारायण राजवंशी घाइते भएका छन्।



नेपाल क्रिकेट संघ (क्यान) का मेडिकल संयोजक अभिशेकराज सिंहका अनुसार ललित बन्द प्रशिक्षणका दौरान घाइते भएका थिए। उनको दायाँ काधमा चोट लागेको छ भने आज शल्यक्रिया गर्ने तयारी गरिएको छ। यससँगै उनले एसियन गेम्स गुमाउन सक्छन्। अब क्यानले उनको स्थानमा अर्का खेलाडी पठाउनु पर्नेछ। एसियाली खेलकुदको क्रिकेटतर्फको प्रतिस्पर्धा असोज १० देखि सुरू हुँदैछ। प्रतियोगिताको परिवर्तित खेल तलिकाअनुसार पुरुषतर्फ नेपाल समूह 'ए' मा परेको छ। समूहमा नेपालसँगै माल्दिभ्स र मंगोलिया छन्।

समूह विजेता बने नेपाल क्वार्टरफाइनल पुग्नेछ। क्वार्टरफाइनलमा चार टिमले स्थान पक्का गरिसकेका छन्। टेस्ट राष्ट्रहरू भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशलाई सिधा अन्तिम आठमा स्थान दिइएको हो। चारै टिमले एसियाली खेलकुदका लागि सिनियर टिमलाई पठाउने छैनन्।

भारतले आइपिएल खेलेका रुतुराज गायकवाडलाई कप्तान बनाएको छ भने आइपिएलमा चलेका युवा खेलाडीलाई समेटेर एसियाली खेलकुदमा टिम पठाउँदैछ। एसियाली खेलकुदमा समूह विजेता बनेको अवस्थामा नेपालले उल्लेखित चार मध्ये एक टिमसँग अन्तिम आठमा भिड्नेछ।

अन्तिम आठमा जित हात पारेको अवस्थामा नेपालको क्रिकेटबाट एसियाली खेलकुदमा पहिलोपटक पदक जित्ने सम्भावना हुनेछ। सेमिफाइनलमा जित हात पारे रजत पदक पक्का हुनेछ भने हार बेहोरेमा कास्यका लागि खेल्ने अवसर प्राप्त हुनेछ।

# यू- १९ साफ च्याम्पियनसिपको पहिलो खेलमा भारतले बंगलादेशलाई हरायो

**एजेन्सी**

काठमाण्डु। यू–१९ साफ च्याम्पियनसिप फुटबल प्रतियोगितामा भारतले विजयी सुरुआत गरेको छ। त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा बिहीबार खेलिएको प्रतियोगिताको उद्घाटन खेलमा भारतले बंगलादेशलाई ३–० गोलको फराकिलो अन्तरले पराजित गरेको हो।




खेलको प्रारम्भदेखि नै भारतले बंगलादेशलाई दबाबमा राखेको थियो। पहिलो हाफमा दुई गोल गरेको भारतले दोस्रो हाफमा एक गोल थपेको थियो। समूह 'बी' अन्तर्गतको उक्त खेलमा भारतका लागि पहिलो गोल जी। गोभर्भले गरेका थिए। उनले खेल सुरु भएको पहिलो मिनेटमै गोल गरेका थिए।

यसैगरी दोस्रो गोल पहिलो हाफको इन्जुरी समयमा नाओबा मेइतेईले गरेका थिए। टोलीका लागि तेस्रो गोल भने दोस्रो हाफको अन्तिम समयमा अर्जुनसिंह ओइनामले गरेका थिए। साफमा च्याम्पियनसिपमा ६ टोलीको सहभागिता रहेको। समूह 'बी' मा तेस्रो टोलीको रुपमा भुटान रहेको छ।

समूह 'ए' मा भने आयोजक नेपाल, माल्दिभ्स र पाकिस्तान रहेका छन्। नेपालले आफ्नो पहिलो खेल बिहीबार साँझ पाकिस्तानसँग खेल्दैछ। प्रत्येक समूहबाट दुई–दुई टोली प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गर्नेछन्।

## सत्ताइस वर्षअघिको अपराधमा मृत्युदण्ड

**एपी**

ओक्लाहोमासिटी। सत्ताइस वर्षअघि एक जना नृत्य छात्रालाई मारेको अभियोगमा दोषी ठहर भएका ४४ वर्षीय एन्थोनी साञ्चेजलाई बिहीबार बिहान मृत्युदण्ड दिइदै छ।

वर्षौंसम्म हत्याबारेमा स्पष्ट जानकारी नभएपछि अपराध भएको स्थानबाट सुरक्षा निकायले डिएनए सङ्कलन एवं परीक्षण गरेर साञ्चेजमाथि हत्या अभियोगमा मुद्दा चलाएको थियो। ओक्लाहोमा कारागारमा रहेका उनलाई आज बिहान दश बजे तीन वटा घातक सुइ लगाएर प्राणदण्ड दिइनेछ।

साञ्चेजले सम्भावित आममाफीको विकल्पलाई त्यागेर मृत्युलाई स्वीकार गरेका छन्। राज्यको आममाफी तथा मुक्ति परिषद्मा आवेदन गर्न अस्वीकार गरेर उनले जीवनप्रतिको वितृष्णा प्रस्तुत गरेका उनका धेरै आफन्तले बताएका छन्। यद्यपि उनका वकिलले मृत्युदण्ड रोक्न गरेको अपीललाई अदालतले अस्वीकार गरेको थियो।

अदालतले सान्चेजलाई अर्कान्सास निवासी २१ वर्षीया जुली बुस्केनलाई बलात्कारपछि हत्या गरेको अभियोगमा दोषी ठहर गरेको थियो। सन् १९९६ को डिसेम्बर २० मा नर्मन अपार्टमेन्ट कम्प्लेक्सको पार्किङ स्थलबाट अपहरणमा परेकी उनको शव त्यसैदिन साँझ नर्मन अपार्टमेन्टबाट धेरै टाढा दक्षिणपूर्वी ओक्लाहोमा शहरको ताल नजिकै फेला परेको थियो। हातखुट्टा बाँधिएको र टाउकोमा गोली हानेर मारिएको अवस्थामा बुस्केनको शव भेटिएको थियो।

## तोशिबा कम्पनीको शताब्दी पुरानो विरासत समाप्त


**एएफपी**

टोकियो। विद्युतीय उपकरण उत्पादनका निम्ति विश्वविख्यात जापानी कम्पनी तोशिबाले सूचीबद्ध कम्पनीको रूपमा आफ्नो युग समाप्त भएको घोषण गर्दै कम्पनीको ८० प्रतिशत सेयर एउटा निजी समूहले खरिद गरेको बिहीबार जनाएको छ।

सन् १८७५ मा स्थापना भएको तोशिबा कम्पनी १९ औं शताब्दीमा जापानको आर्थिक पुनरुत्थान र प्राविधिक क्षेत्रमा नवप्रवर्तनको पर्याय बनेको थियो। सत्तरी वर्षसम्म सेयर बजारमा सूचीकृत कम्पनी अब त्यसबाट हट्ने प्रमुख कार्यकारी अधिकृत तारो सिमादाले बताएका छन्। "तोसिबा समूहले अब नयाँ सेयरधनीका साथ नयाँ भविष्यतर्फ ठूलो कदम चाल्नेछ," बिहीबार एक विज्ञप्ति निकालेर उनले भनेका छन्।

जापानमा मात्र नभएर विदेशमा पनि घरायसी ब्राण्ड बनेको तोसिबा कम्पनीले प्रारम्भिककालमा ल्यापटप कम्प्यूटर, लिफ्ट र आणविक पावर स्टेशनहरूदेखि माइक्रोचिपसम्म निर्माण गर्दै आएको थियो। सन् २०१५ मा भएको आर्थिक घोटाला र अमेरिकी आणविक सहायक वेस्टिङहाउसबाट अर्बौं डलरको घाटा व्यहोर्नुपरेपछि केही वर्षदेखि कम्पनी सङ्कटमा फसेको थियो।

# सिरियाली राष्ट्रपति चीन भ्रमणमा



**एएफपी**

चीन। सिरियाका राष्ट्रपति बसर अल-असद चीन भ्रमाणका क्रममा बिहीबार झेजियाङ प्रान्तको राजधानी हाङझाउ पुग्नुभएको छ।

राज्य प्रसारण संस्था चाइना सेन्ट्रल टेलिभिजनका अनुसार सिरियाली नेताको यो दुई दशकपछिको पहिलो औपचारिक चीन भ्रमण हो। राष्ट्रपति सी चिनफिङसँग शनिबार एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा सिरियाली राष्ट्रपतिले भाग लिनुहुनेछ।

यही असोज ५ गतेदेखि २१ गतेसम्म हुने उक्त प्रतियोगितामा अफगानिस्तान, बहराइन, बङ्गलादेश, भूटान, ब्रुनाइ, क्याम्बोडिया, चीन, चाइनिज ताइपेई, हङकङ, भारत, इण्डोनेशिया, इरान, इराक, जापान, जोर्डन, कजाकस्तान, कुवेत, किर्गिस्तान, लाओस, लेबनान, मकाउ, मलेसिया, मालदिभ्स, मङ्गोलिया, म्यान्मा, नेपालसहित ४५ देशले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन्।

त्यसैगरी प्रतियोगितामा उत्तर कोरिया, ओमान, पाकिस्तान, प्यालेष्टाइन, फिलिपिन्स, कतार, साउदी अरब, सिङ्गापुर, दक्षिण कोरिया, श्रीलङ्का, सिरिया, ताजकिस्तान, थाइल्याण्ड, टिमोर लेत्से, तुर्कमेनिस्तान, संयुक्त अरब इमिरेट्स, उज्वेकिस्तान, भियतनाम र यमनका खेलाडी सहभागी छन्।

अठचालिस देश भएको एशिया महादेशका चार मुलुक युक्रेन, रुस, बेलारुस र इजरायल उक्त प्रतियोगितामा सहभागी छैनन्। अन्तरराष्ट्रिय ओलम्पिकक कमिटी (आइओसी)ले युक्रेनमा रुसले आक्रमण गरेकाले मस्कोविरुद्ध प्रतिबन्ध लगाएको छभने रुसको सहयोगी बेलारुसलाई पनि युक्रेन युद्धमा सघाएकाले आइओसीले प्रतिबन्ध लगाएको हो। धेरै अरब मुलुक उक्त प्रतियोगितमा सहभागी भएकाले विगतदेखि नै इजरायल एसियाली खेलकुद प्रतियोगिताबाट बाहिर रहँदै आएको छ।

# मेसी घाइते भएर बाहिरिए पनि इन्टर मियामले सजिलै हरायो टोरन्टोलाई

**एजेन्सी**

काठमाण्डु। आफ्ना स्टार खेलाडी लियोनल मेसी घाइते भएर मैदानबाट बाहिरिए पनि इन्टर मियामीले मेजर लिग सकर (एमएलएस) को बिहीबार खेलिएको खेलमा टोरन्टो फुटबल क्लबलाई ४–० गोलको फराकिलो अन्तरले हराएको छ।



खेलको ३७औं मिनेटमा मेसी घाइते भएर मैदानबाट बाहिरिएका थिए। त्यतिबेला खेल गोलरहित बराबरीमा थियो। मेसीको स्थानमा रोबर्ट टेलर मैदानमा प्रवेश गरेका थिए। सात पटकका बालोन डी'ओर विजेता मेसी मैदानबाट बाहिरिएपछि इन्टर मियामीले चार गोल गरेको थियो।

यसअघि मेसीको अनुपस्थितिमा गत शनिबार इन्टर मियामी ठूलो अन्तरले पराजित भएको थियो। उक्त खेलमा एटलान्टा युनाइटेडले इन्टर मियामीलाई ५–२ गोलले हराएको थियो। टोरन्टोविरुद्धको खेलमा इन्टर मियामीका लागि रोबर्ट टेलरले दुई गोलको योगदान गरेका थिए।

रोबर्ट टेलर मेसीकै स्थानमा मैदानभित्र प्रवेश गरेका थिए। पहिलो हाफको इन्जुरी समयको तेस्रो मिनेटमा इन्टर मियामीका लागि फाकुन्डो फारियसले पहिलो गोल गरेका थिए। खेलको ५४औं मिनेटमा रोबर्ट टेलरले इन्टर मियामीको अग्रता दोब्बर बनाएका थिए।

त्यसपछि खेलको ७३औं मिनेटमा इन्टर मियामीका लागि बेन्जामिन क्रेमास्चीले तेस्रो गोल गरेका थिए। निर्धारित समयको खेल सकिनुभन्दा तीन मिनेटअघि रोबर्ट टेलरले ब्यक्तिगत रुपमा दोस्रो गोल गर्दै इन्टर मियामीलाई सजिलो जित दिलाएका थिए।

इन्टर मियामीका प्रशिक्षक जेरार्डो मार्टिनोका अनुसार, अर्जेन्टिनी स्टार मेसीको पुरानै चोट बल्झिएको बताएका छन्। मेसीले अब आगामी साता हुने यूएस ओपन कपको फाइनल खेल्न सक्छन् वा सक्दैनन् अन्यौलमै छ।

इन्टर मियामीले यूएस ओपन कपको फाइनलमा हस्टन डाइनामोको सामना गर्नेछ। प्रशिक्षक मार्टिनोले भने उक्त खेलअघि नै ३६ वर्षीय मेसी स्वस्थ्य भइसक्ने विश्वास ब्यक्त गरेका छन्। अघिल्लो साता खेलिएको बोलिभियाविरुद्धको खेलमा पनि अर्जेन्टिनाका प्रशिक्षक लियोनल स्कोलोनीले मेसीलाई खेलाएका थिएनन्।

इन्टर मियामीका अर्का प्रभावशाली खेलाडी जोर्डी अल्बा पनि टोरन्टोविरुद्धको खेलका क्रममा घाइते भएका थिए। त्यसैले यूएस ओपन कपको फाइनलअघि प्रशिक्षक मार्टिनो दबाबमा परेका छन्। मार्टिनोका अनुसार, ओरल्यान्डो सिटीविरुद्धको आगामी खेलमा भने मेसी र अल्बा दुबै अनुपस्थित रहने छन्।

# श्रम आप्रवासनका सवाल सम्बोधन गर्न सरकारको ४७ बुँदे निर्णय



काठमाण्डु । सरकारले श्रम आप्रवासनमा देखिएका समस्यालाई दीर्घकालनीरूपमा समाधान गर्न आवश्यक ठानिएको नीतिगत र कानूनी उल्झन तथा प्रक्रियागत व्यवस्थालाई समयसीमा तोकेरै टुङ्ग्याउने निर्णय गरेको छ ।

गत भदौ २५ र २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको १२ वटा मुख्य श्रम गन्तव्य मुलुकस्थित नेपाली राजदूतसमेतको बैठकले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभिन्न ४७ बुँदे निर्णय गरेको हो ।

बैठकले नयाँ श्रम गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गर्ने, नयाँ गन्तव्य मुलुकको खोजी गर्ने, श्रमिकको हक अधिकार र सामाजिक सुरक्षाको प्रत्याभूति गराउने, श्रम स्वीकृति प्रक्रियालाई सरलीकरण गर्ने, कूटनीतिक नियोगको भूमिकालाई प्रभावकारी बनाउने, सेवा शुल्क निर्धारण गर्नेलगायत निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले जानकारी दिनुभयो ।

बैठकले श्रम मन्त्रालय सम्बद्ध मुलुकस्थित कूटनीतिक नियोगसँगको समन्वयमा नयाँ श्रम गन्तव्य मुलुकसँग श्रम सम्झौता प्रक्रिया अगाडि बढाउने, श्रमिकको हक, अधिकार, सामाजिक सुरक्षालगायत विषय द्विपक्षीय श्रम सम्झौतामा नै सुनिश्चित गर्ने, श्रमिकको शव फिर्ता र पुनःएकीकरण कार्यक्रमलगायत कल्याणकारी दायित्व समेट्ने विषय सुनिश्चित गर्न पहल गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

परराष्ट्र मन्त्रालयमा 'श्रम आप्रवासन महाशाखा' स्थापना गर्ने, परराष्ट्र मन्त्रालयले श्रम मन्त्रालयसँग समेत समन्वय गरी उक्त महाशाखाको कार्यविवरण र दरबन्दी एकीन गरी एक महिनाभित्र निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव गर्ने, सोका लागि कानूनी प्रक्रिया पूरा गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालयसँग आवश्यक सहजीकरण गर्ने निर्णय गरेको मन्त्री भण्डारीले जानकारी दिनुभयो । "परराष्ट्रले श्रम मन्त्रालयसँग सहजीकरण गरी 'रोमिङ एम्बेसडर'/श्रम सहचारीसमेतको प्रबन्ध हुने गरी महाशखाको कार्ययोजना तर्जुमा गर्नेछ", उहाँले भन्नुभयो ।

बैठकले परराष्ट्र मन्त्रालयमा राय/परामर्शका लागि प्रेषित वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ माथि सात दिनभित्र श्रम मन्त्रालयलाई राय उपलब्ध गराउने, परराष्ट्रको रायपछि श्रम मन्त्रालयले संशोधनका लागि मन्त्रिपरिषद्मा पेश गर्ने, मागपत्र प्रमाणीकरणसम्बन्धी वैदेशिक रोजगार ऐनको प्रावधानमा आवश्यक संशोधनका लागि श्रम मन्त्रालयले प्रस्ताव पेश गर्ने र माग प्रमाणीकरण गर्ने कार्यलाई थप सरल र प्रभावकारी बनाउन श्रम सहचारीलाई मुख्य जिम्मेवारी तोक्ने निर्णय गरेको छ ।

व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका, २०६९ मा संशोधन गरी उच्च दक्ष र दक्ष कामदारको भिसा प्रमाणीकरण प्रक्रिया सरलीकृत गर्ने, व्यक्तिगत प्रयासमा वैदेशिक रोजगारीमा रहेका श्रमिकको हकमा श्रम मन्त्रालयले निश्चित मापदण्ड तयार गरी कूटनीतिक नियोग प्रमुखलाई विशेषाधिकार दिने व्यवस्था गर्ने बैठकको निर्णय छ ।

बैठकले साउदी अरबस्थित नेपाली कूटनीतिक नियोगले माग प्रमाणीकरण कार्यलाई प्रविधिमैत्री बनाउन अभ्यास गरेको 'अनलाइन प्रणाली'को अनुकुलता हेरी तत्कालका लागि अन्य नियोगले समेत प्रयोगमा ल्याउने, दीर्घकालमा मागपत्र प्रमाणीकरणलाई पूर्णरूपमा अनलाइन प्रणालीमा आबद्ध गर्न वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा स्तरोन्नति गर्ने र सो प्रणालीलाई कूटनीतिक नियोगसँग आबद्ध गर्ने निर्णयसमेत गरेको मन्त्री भण्डारीले जानकारी दिनुभयो ।

विदेशबाटै पुनः श्रमस्वीकृति प्राप्तिका लागि रकम भुक्तानी प्रक्रियामा सरलीकरण गर्न श्रम मन्त्रालयले सम्बन्धित कूटनीतिक नियोग र नेपाल राष्ट्र बैंकको समन्वयमा एक महिनाभित्र देशगतरूपमा प्रक्रियागत व्यवस्थापन मिलाउने उहाँले जानकारी दिनुभयो । सबै गन्तव्य मुलुकस्थित नियोगमा राहत उद्धार कोष स्थापना गर्ने, उक्त कोषमा नियोगबाट प्रदान गरिने जुनसुकै प्रकारका सेवाबापत प्राप्त शुल्कको निश्चित प्रतिशत रकम जम्मा गर्ने, कोषको परिचालन गर्न परराष्ट्र मन्त्रालयले एक महिनाभित्र निर्देशिका तयार गरी मन्त्रिपरिषद्मा पेस गर्ने र त्यसका लागि अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ ।

वैदेशिक रोजगार बोर्डबाट नियोगलाई उपलब्ध हुने चक्रीय कोष सञ्चालन गर्न पारदर्शी र व्यवस्थित परिचालनका लागि बोर्डले खर्च गर्नेसम्बन्धी कार्यविधि एक महिनाभित्र तयार गरी उपलब्ध गराउने, वैदेशिक रोजगारीका क्रममा अशक्त भई कोमामा रहेका नेपालीलाई फिर्ता ल्याई उपचार गर्न नेपालमा हेरचाह केन्द्र खोल्ने कार्य अघि बढाउने, श्रम स्वीकृतिको अवधि सकिएका, विभिन्न भिसामा गएका नेपालीको हकमा शव व्यवस्थापन तथा ढुवानीको सम्पूर्ण खर्च सम्बन्धित नेपाली नियोगमा रहेको कोषबाट खर्च गर्ने र सो रकमको शोधभर्ना सरकारले गर्ने बैठकको निर्णय छ ।

"हाल कूटनीतिक नियोग स्थापना नभएका तर १० हजारभन्दा बढी नेपाली श्रमिक रहेका मुलुकमा 'ड्राई पोस्टिङ' (खटिइएका कर्मचारीले परिवारबाहेकको मात्र सुविधा पाउने) गरी नेपाली कूटनीतिक नियोगको स्थापना गर्ने, सो नियोगमा एक जना परराष्ट्रको उपसचिव, एक श्रम सहचारी र एक स्थानीय कर्मचारी गरी तीन जनाको दरबन्दी रहने गरी परराष्ट्रले दुई महिनाभित्र सङ्गठन तथा व्यवस्थापन सर्भेको प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्मा पेस गर्ने, त्यसका लागि अर्थ र सङ्घीय मामिला मन्त्रालयले सहजीकरण गर्ने निर्णय भएको छ", मन्त्री भण्डारीले भन्नुभयो ।

पोर्चुगल, रोमानिया, माल्टा, साइप्रस, क्रोएशिया, माल्दिभ्स, पोल्याण्ड, टर्कीलगायत युरोपका मुलुकमा १० हजार बढी श्रमिक रहेको अनुमान गरिएको छ । यी मुलुकमा श्रम काउन्सिलर र श्रम सहचारीको दरबन्दी सिर्जना तथा थप गर्न श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयको समन्वयमा एक महिनाभित्र प्रस्ताव पेस गर्ने बैठकको निर्णय छ ।

जापान, जर्मनी, अस्ट्रिया, इजरायलमा एक/एक जना श्रम काउन्सिलर र सहचारी तथा दक्षिण कोरियामा एक जना श्रम सहचारी नियुक्तिका लागि दरबन्दी सिर्जना गर्नुपर्ने बैठकले ठहर गरेको छ । अब नियुक्त हुने काउन्सिलर र सहचारीको कार्यअवधि न्यूनतम तीन वर्षको हुनेछ । यसअघि काउन्सिलर र सहचारीको अवधि दुई वर्षको रहेको छ ।

गन्तव्य मुलुकको सामाजिक सुरक्षा नेपालको सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरी सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने वा कामदारको सम्झौताको अवधि समाप्त भएपश्चात जम्मा भएको रकम फिर्ता पाउने गरी द्विपक्षीय समझदारीमा समावेश गर्ने, कोषमा आबद्धताको निरन्तरताका लाागि भुक्तानी विधि सरलीकृत गर्न श्रम मन्त्रालयले सम्बन्धित नियोग र राष्ट्र बैंकसँग समन्वय गरी विधि तयार गर्ने बैठकले निर्णय गरेको मन्त्री भण्डारीले जानकारी दिनुभयो ।


बैठकले रोजगारदाता कम्पनीले सेवा शुल्क प्रदान गरेकामा इजाजतपत्रवालाले कुनै पनि भर्ना शुल्क लिन नपाउने गरी 'इम्प्लोयर्स पे प्रिन्सिपल' लागू गर्ने, रोजगारदाताले सेवा शुल्क नदिएको अवस्थामा इजाजतपत्रवालाले बढीमा एक महिनाको तलब सेवा शुल्कबापत लिन पाउने, यस्तो शुल्क देशगतरूपमा विशिष्टीकरण गरी रु एक लाखभन्दा बढी लिन नपाउने गरी श्रम मन्त्रालयले सेवा शुल्क निर्धारण गर्ने निर्णय गरेको छ । संसदीय समितिको निर्देशन, सम्बन्धित मुलुकको वस्तुतग अवस्था र सुरक्षाका उपाय अपनाएर मात्र घरेलु कामदार पठाउने कार्य नमूना 'पाइलटिङ'को सुरुआत गर्ने बैठकको निर्णय छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको उक्त बैठकमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, श्रममन्त्री भण्डारी, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, मुख्यसचिव डा वैकुण्ठ अर्याल, श्रम मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, परराष्ट्र सचिव भरतराज पौडेल, विभिन्न १२ वटा मुख्य श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगका राजदूत, महावाणिज्यदूतलगायतको सहभागिता थियो । रासस

# साउन र भदौमा पाँच अर्ब ४३ करोडको विद्युत् निर्यात

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको दुई महिनामा रु पाँच अर्ब ४३ करोड ३१ लाख बराबरको बिजुली भारत निर्यात गरेको छ ।

प्राधिकरणले गत साउनमा रु एक अर्ब ९४ करोड ८४ लाख र भदौमा रु तीन अर्ब ४८ करोड ४८ लाख बराबरको विद्युत् भारतीय बजारमा निर्यात गरेको हो । दुई महिनामा तीन अर्ब ३९ करोड ५७ लाख भारतीय रुपैयाँ बराबर (रु पाँच अर्ब ४३ करोड ३१ लाख) विद्युत् निर्यात भएको हो ।




साउन र भदौमा भारततर्फ निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत बिक्रीदर क्रमशः आठ रुपैयाँ १३ पैसा र १२ रुपैयाँ २७ पैसा छ । दुई महिनाको समग्र औसत विद्युत् बिक्रीदर प्रतियुनिट १० रुपैयाँ ३७ पैसा छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्रााधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेडलाई बिक्री गरिरहेको छ । भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभीएनलाई एक सय १० मेगावाट गरी कुल छ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातबाट नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको बताउनुभयो ।

"देशभित्र उत्पादित विद्युत् यहीँ खपत गर्न पूर्वाधार संरचनाको सुधार तथा सुदृढीकरण गरिरहेका छौँ, विद्युत् नपुगेका ठाउँमा विद्युत् पुर्याउनका लागि विद्युतीकरणको कार्य पनि चलिरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "खपत गरी बचत भएको विद्युत् निर्यात गर्न दुई देशबीचका अन्तरदेशीय प्रसारण सञ्जाललाई थप विस्तार तथा पूर्णरूपमा प्रयोगमा ल्याउन पहल गरिरहेका छौँ ।" रासस

# कर्जा सुरक्षण कार्यक्रमलाई विविधीकरण गरी लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ : अर्थमन्त्री डा महत



काठमाण्डु । साना निक्षेपकर्ता र कर्जादाताको सम्पत्ति र दायित्वको सुरक्षण गरी वित्तीय सुरक्षा र स्थायित्व प्रदान गर्ने निक्षेप तथा कर्जा सुरक्षण कोष ५० वर्षमा प्रवेश गरेको छ ।

अर्थमन्त्री डा प्रकाशशरण महतले बिहीबार यहाँ कोषको स्वर्णमहोत्वसवको समुद्घाटन गर्दै साना तथा मझौला उद्योग-व्यवसायलाई उत्प्रेरित गरी मुलुकको आर्थिक गतिविधिलाई थप चलायमान बनाउन महत्त्वपूर्ण भूमिका रहेको कोषले कर्जा सुरक्षण कार्यक्रम समयानुकूल विस्तार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले विशेष न्यून तथा विपन्न वर्गले सञ्चालन गर्ने साना तथा मझौला उद्योगको प्रवर्द्धनसहित रोजगारीको वातावरण सिर्जना गरी देशव्यापीरूपमा वित्तीय पहुँच अभिवृद्धि गर्ने सरकारको नीति तथा कार्यक्रम सफल बनाउने गरी कार्यक्रम सञ्चालन गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो ।

पछिल्लो समयमा मुलुकको अर्थतन्त्र सकारात्मक दिशामा अघि बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री डा महतले भन्नुभयो, "अर्थतन्त्रमा देखिएका समस्या समाधानउन्मुख छ, आर्थिक परिसूचकहरू सन्तोषजक देखिएका छन्, विप्रेषणको स्थिति राम्रो छ, मुलुकको दिगो आर्थिक विकासका लागि स्वदेशमै लगानीमैत्री वातावरण निर्माणका पक्षमा अहोरात्र क्रियाशील सरकारलाई साथ दिन सबैसँग अनुरोध गर्दछु ।"

कोषका अध्यक्ष राजस्व सचिव डा रामप्रसाद घिमिरेले पशुधन सुरक्षण, वैदेशिक रोजगार, सहुलियतपूर्ण कर्जा, गरिबी निवारण र उद्यमशीलता प्रवर्द्धनका क्षेत्रमा गरिने कर्जा लगानीलाई संरक्षणमुखी कार्यक्रमसहित प्रोत्साहित गर्दै आएको जानकारी दिनुभयो ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले वित्तीय पहुँच अभिवृद्धिमा उत्प्रेरकको भूमिका निर्वाह गर्दै आएको कोषलाई अझ सवल, सक्षम र अधिकारसम्पन्न तुल्याउनुपर्ने धाराणा व्यक्त गर्नुभयो ।

कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले वित्तीय स्थायित्व, गरिबी निवारण, स्वरोजगार सिर्जना र उद्यमशीलताको विकासमा प्रत्यक्ष भूमिका निर्वाह गरी देशको आर्थिक विकासमा योगदान दिँदै आएको अर्धनियामक र रक्षाकवच निकायका रूपमा त्रियाशील कोषले नेपाली बजारको माग र आवश्यकताका आधारमा स्टार्टअप कर्जा, सूचना प्रविधि कर्जा, हरित कर्जालगायतका नयाँ क्षेत्रलाई समेत प्रोत्साहित गर्न लागेको जानकारी दिनुभयो ।

राजस्व सचिव अध्यक्ष हुने सो कोषमा अर्थ, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल राष्ट्र बैंकका कम्तीमा प्रथम श्रेणीका अधिकृत सञ्चालक सदस्य रहने व्यवस्था छ । विसं २०३१ मा स्थापना भएको सो कोषको प्रमुख कार्यकारी अधिकृत नेपाल सरकारले नियुक्त गर्ने प्रावधान छ ।

समारोहमा कोषमा २५ वर्ष सेवा गर्ने कर्मचारीलाई दीर्घसेवा पदक, उल्लेखनीय भूमिका निर्वाह गर्ने कर्मचारीलाई प्रशंशापत्र र खेलकुद तथा अतिरिक्त क्रियाकलापमा विजयी कर्मचारीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । यसैगरी कोषद्वारा प्रकाशित सञ्जीवनी नामक स्मारिका पनि सार्वजनिक भएको थियो । रासस

## नेप्से परिसूचकमा उत्साहजनक वृद्धि

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उत्साहजनक वृद्धि देखिएको छ । बिहीबारको कारोबारमा नेप्से परिसूचक ४४ दशमलव ३४ अङ्कले बढेर दुई हजार २ ९ दशमलव ७८ अङ्कमा कायम भएको छ ।

बिहीबार विभिन्न दुई सय ७८ कम्पनीका एक करोड १२ लाख ६४ हजार तीन सय नौ कित्ता शेयर एक लाख १९ हजार तीन सय ५९ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब २९ करोड ३९ लाख २१ हजार तीन सय ६८ बराबरको कारोबार भएको छ ।

बिहीबारको कारोबारमा जलविद्युत् र वित्त कम्पनीमा लगानीकर्ताको आकर्षण देखिएको छ । जलविद्युत् समूहको उपसूचक पाँच दशमलव ३१ प्रतिशतले बढेको छ भने वित्त समूहको उपसूचक चार दशमलव ३८ प्रतिशतले बढेको छ । बिहीबारको कारोबारमा सबै समूहका उपसूचकमा हरियाली देखिएको छ ।

बिहीबार चार वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । जसमा नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड, दिव्यश्वरी हाइड्रोपावर, स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो ।

साथै सबैभन्दा धेरै गुमाउने कम्पनीमा एनआईबीएल ग्रोड फन्डको शेयर मूल्य चार दशमलव ०७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको सबैभन्दा धेरै रु २० करोड १८ लाख ३६ हजार चार सय ८३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको सात लाख २९ हजार २३२ कित्ता शेयर किनबेच भएको छ । रासस

# आज १० अर्ब बराबरको विकास ऋणपत्र बिक्री गरिँदै

काठमाण्डु । नेपाल राष्ट्र बैंकले भोलि शुक्रबार रु १० अर्बको पाँच वर्ष अवधिको विकास ऋणपत्र खुलाउने भएको छ । पाँच वर्ष अवधिको विकास ऋणपत्र २०८५ 'ञ' बोलकबोल प्रक्रियाबाट निष्कासन गर्न लागिएको राष्ट्र बैंकले जनाएको छ ।

बैंक तथा वित्तीय संस्था, गैरबैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा सर्वसाधारण नागरिकले यो विकास ऋणपत्र खरिद गर्न पाउनेछन् । यो ऋणपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनसमेत पाइनेछ ।

यही असोज ५ गते मध्याह्न साढे १२ बजेसम्म बोलकबोल हुने ऋणपत्र असोज ७ गते निष्कासन हुनेछ । पाँच वर्ष अवधिको यो ऋणपत्रको साँवा भुक्तानी २०८५ असोज ७ गते हुनेछ ।

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको 'कट-अफ' ब्याजदरलाई एकल ब्याजदर कायम गरी सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलवालाहरूलाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध गराइनेछ ।

घटीमा रु पचास हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु ५० हजारले भाग गर्दा निःशेष भाग जाने अङ्कमा खरिद गर्न पाइने राष्ट्र बैंकले जनाएको छ । प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरूलाई क्रमशः निष्कासित रकमको ८५ र १५ प्रतिशत अर्थात् रु आठ अर्ब ५० करोड र रु एक अर्ब ५० करोड छुट्याइएको छ । अप्रतिस्पर्धी बोलवालाहरूलाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरूलाई बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ ।

यस ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमार्फत मात्र हुने जनाइएको छ । रासस


## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

## नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०५**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को ६४ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व. २०८०/८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही दरभाउपत्र फाराम यस गाउँपालिकाबाट खरिद गर्न र १६ औं दिन १२:०० बजेभित्र सो सार्वजनिक विदा परे त्यसको भोलिपल्ट सिलबन्दी दरभाउपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | कुल न्यूनतम अंक | बोलपत्र दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| २/२०८०/८१ | वडा नं. ३ को गजरिया पुल देखि वडा नं. २ भएर बग्ने औरही खोलाबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवा संकलन र उत्खनन् गर्ने कार्य । | ९,७४,२२५।७१ | ३०००।- |

**शर्तहरू** :

१. बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
२. ठेक्का अवधी पट्टा पत्र पाएको मिति देखि २०८१ जेष्ठ मसान्त सम्म हुनेछ ।
३. उलेख्य नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।
४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# देवीको नयाँ मुकुट जडानले हल्लीखल्ली

**टुडे समाचारदाता**

राजविराज । छिन्नमस्ता भगवती मन्दिरमा रहेको देवीको मूर्तिमा पुरानो मुकुट भिकेर दाता परिवारसमेतको नाम लेखिएको नयाँ मुकुट जडान गरेपछि व्यापक विरोध भएको छ ।

एक किलो ५० ग्राम तौल भएको पुरानो मुकुट भिकेर विहीबार छिन्नमस्ता भगवती मन्दिर समितिले दाता परिवारसमेतको नाम लेखिएको नयाँ मुकुट जडान गरिएपछि विरोध सुरु भएको छ ।

दाता परिवारका कृष्ण मुरारी प्याकुरेल, गोपीराज प्याकुरेल, राधा प्याकुरेल र शंकर प्याकुरेल गरी चार जनाको नाम कुँदेर भगवतीको मूर्तिमा नयाँ मुकुट जडान गरिएको छ । नयाँ मुकुटको तौल एक किलो २ सय ५० ग्राम रहेको छ ।

पुरानो मुकुट भिकेर नयाँ मुकुट जडान गरी करोडौं श्रद्धालुको आस्थासँग खेलवाड गरेको भन्दै स्थानीयले चर्को विरोध गरेका छन् । छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले आफूलाई समेत जानकारी नदिइ एकतर्फी ढंगले समितिले मुकुट हेरफेर गरेको भन्दै आक्रोश पोखेका छन् । उनले सो त्रुटि तत्काल सच्याउन समितिलाई कडा निर्देशन दिएको बताए । "आफू खुशी माताको मुकुट परिवर्तन गरी समितिले करोडौं श्रद्धालु भक्तजनको आस्थामाथि चोट पुऱ्याउने काम गरेको छ, उनले भने-यसलाई तत्काल सच्याउन मन्दिर नै पुगेर समितिलाई कडा निर्देशन दिएको छु ।"

उनले गाउँपालिकाकै पहलमा पुरानो मुकुटलाई सुन्दरता प्रदान गरी शुक्रबार साँझ ५ बजेभित्र मन्दिरमा पुनर्स्थापित गरिने तयारी गरिएको समेत जानकारी दिए ।

मन्दिरका पीठाधीश महाकान्त ठाकुरले पुराना मुकुटमा चिरा परेका कारण दाता पक्षकै अनुरोधमा नयाँ मुकुट जडान गरिएको बताए । यद्यपि यसको व्यापक विरोध भएकाले शुक्रबार क्षमा पूजासहित पुरानै मुकुट लगाउने निष्कर्षमा समिति पुगेको उनले जानकारी दिए ।




# प्रहरीको लापरबाहीले सर्राफको मृत्यु : परिवारजन

**अनिल तिवारी**

वीरगञ्ज । छपकैयामा असोज २ गते एक युवकको शव फेला परेको थियो । दुई दिनसम्म प्रहरीले वेवारिसे बताउँदै आए पनि मृत्युको वास्तविकता खुलेपछि प्रहरी नै दोषी देखिएको छ ।

वीरगञ्ज छपकैयाबाट शव फेला परेको अरविन्द कुमार सर्राफको मृत्यु घटनामा नयाँ 'ट्विस्ट' आएको छ । सर्राफको मृत्यु हुनु भन्दा पहिला साथीहरुसँग विवाद परेको थियो । जसबारे नजिकै रहेको छपकैया 'बीट'लाई जानकारी थियो । तर समयमै प्रहरीको सक्रियता नदेखिएकोले उनको मृत्यु भएको आफन्तजनको आरोप छ ।

मृतक सर्राफ कलैया बारा जिल्ला कलैया निवासी हुन् । असोज एक गते घरवाट वीरगञ्ज आएको सर्राफ दिनभरि विभिन्न कामहरु गरी उनी साथीसंग कतै लागूऔषध सेवन गर्न गए । साँझ वीरगञ्ज छपकैयाकै लागूऔषध सवेन कर्ता 'मौलबी' नामले चिनिने साथीसंग उनको विवाद भएको थियो ।

'मौलबी' र मृतक सर्राफकोबीच राति करिब ११ बजेतिर पर्सलाई लिएर बढेको विवाद प्रहरी बिटसम्म पुगेको थियो । मौलबीको पर्सलाई नसाको भोकमा सर्राफले दाबी गरेको कुराको वास्तविकता बुझी छपकैया बिटका प्रहरीले मौलबीलाई जिम्मा लगाएको थियो ।

प्रहरीले समय र युवकहरुको अवस्थालाई गम्भीरतापूर्वक नलिएका कारण सर्राफको मृत्यु भएको आफन्तजनको आरोप छ । पारिवारिक सूचनाका अनुसार छपकैया प्रहरी बिटमा विवाद चलिरहँदा मृतक सर्राफ पुरै अचेत अवस्थामा थिए । प्रहरीकै अगाडि अचेत अवस्थामा रहेकाबेला दुबैबीचको विवाद सल्टाएर मान्छेलाई किन छाडियो ? आफन्तजनको प्रश्न छ, आफ्नो नियन्त्रणमा किन लिएनन् अथवा घर परिवारका व्यक्तिलाई किन जिम्मा लगाइएन ? जसले गर्दा प्रहरीको गम्भीर लापरबाहीका कारण उनको मृत्यु भएको आरोप परिवारजनको छ । अनि अचेत अवस्थामा रहेका सर्राफको मृत्युको कारण हत्या पनि हुन सक्छ ? तर त्यसको अनुसन्धान प्रहरी बिटबाट हुने हो कि मौलबी भन्ने त्यो युवकबाट ?

**भगडाको वास्तविकता 'बीट'ले किन लुकायो ?**

राति भगडा मिलाएको व्यक्तिलाई नै बिहान प्रहरीले वेवारिसे किन भन्यो ? यो प्रश्नले घटनालाई भन गम्भिर बनाएको छ । मृतक सर्राफको पहिचानवारे हिजोसम्म पर्सा प्रहरी बेखवर थियो । कारण-उनीसँगै परिचय खुल्ने कुनै कागजात थिएन, जसकारण प्रहरीलाई तनाव थियो । तनाव कम गर्न प्रहरीले शव पहिचान नभएको भन्दै सूचना पनि जारी गर्‍यो । तर त्यति हुँदासम्म पनि छपकैया प्रहरी बीट मौन किन थियो ? जुन सूचनाले फाइदा मात्रै भएन, पहिचान सहित धेरै कुरा खोलि दियो ।

घटनाबारे अहिले अनुसन्धान भइरहेको र पोष्टमार्टम रिर्पोट आएपछि घटनाको वास्तविकता खुल्ने पर्साका प्रहरी उपरीक्षक कोमल शाहले बताए । उनले बाटोको भगडा सल्टाउने कार्य मात्र प्रहरीले गरेको बताउँदै भने, कुनै पनि व्यक्तिलाई हिरासतमा राख्न वा थुनेछ गर्दा पक्राउ पुर्जी चाहिन्छ ,बाटोको भगडा त्यहि मिलाए पछि दुवै जना त्यहाँबाट छुटिएर हिँडेकोले प्रहरीको के लाम्छ र ?

# मालपोत कार्यालयद्वारा ३९ करोड राजस्व संकलन

**टुडे समाचारदाता**

जनकपुरधाम । भूमिसुधार तथा मालपोत कार्यालय जनकपुर धनुषाले गत आर्थिक वर्ष २०७९/०८० मा ३९ करोड राजस्व संकलन गरेको छ ।

राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारलाई बुझाउनु पर्ने राजस्वबाट आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म रु ६ करोड राजस्व संकलन गरिएको भूमिसुधार तथा मालपोत कार्यालय प्रमुख मो.तैयब राईनले बताए । न्यायिक दस्तुरबाट रु ४९ हजार, अन्य प्रशासनिक सेवा शुल्कबाट रु ५ करोड ६७ लाख ८२ हजार, अन्य राजस्वबाट ३ लाख ५९ हजार र बेरुजुबाट रु २ लाख ३८ हजार राजस्व संकलन गरिएको कार्यालय प्रमुख राईनले बताए ।

त्यस्तै प्रदेश सरकार र स्थानीय तह राजस्व बाँडफाँट अन्तर्गत ३२ करोड ६० लाख राजस्व संकलन गरिएको छ । गत वर्ष सरकारले कित्ताकाट गर्न रोक लगाएको हुँदा राजस्वमा कमी आएको बताइएको छ ।

कार्यालयका अनुसार अनुमानित प्रति दिन २ सय रजिष्ट्रेशन पास हुने गरेको छ । जग्गा रजिष्ट्रेशन एक दिनमै गरिने गरी कार्यालयले सेवा प्रदान गरिरहेको छ ।

# हतियारधारी समूहद्वारा लुटपाट



**टुडे समाचारदाता**

सर्लाही । लालबन्दी नगरपालिका-५, शान्ति टोलमा हतियारधारी समूहले एक घरमा लुटपाट गरेको छ । लालबन्दी नगरपालिका ५ को वडा कार्यालय नजिक रहेको रामचन्द्र ठाकुरको घरमा विहीबार बिहान २ बजेतिर लुटपाट भएको जनाइएको छ ।

मुखमा स्मालल बाँधेर आएका ५/६ जनाको समूहमा रहेका अज्ञात व्यक्तिले ठाकुरको घरबाट नगद र केही सर सामग्री लुटेर लगेको प्रहरीले जनाएको छ । लुटेरा समूहलाई प्रतिकार गर्दा घरधनी ४५ वर्षीय ठाकुर घाइते भएका छन् । उनको टाउकोमा चक्कु प्रहार भएको छ ।

घाइते ठाकुर उपचारपछि बिहीबार दिउँसो अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । घरधनी ठाकुर केही दिनअघि मात्रै वैदेशिक रोजगारीबाट घर फर्केका थिए ।

सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पन्जियार थारुले लुटपाटमा संलग्न व्यक्तिहरुको खोजी तीव्र पारिएको जानकारी दिए । "घटनाको अनुसन्धानका लागि जिल्लाबाट समेत अनुसन्धान टोली खटिएको छ, लालबन्दीका इन्सेक्टरको नेतृत्वमा घटना लगत्तै प्रहरी परिचालन भएको छ," डिएसपी थारुले बताए ।


घरको कमाउण्डवालमा लगाइएको ग्रिल नाघेर हतियारधारी समूह घरभित्र प्रवेश गरेका थिए । घरको भान्सा तथा घरसँगैको धानखेतमा रगतका टाटा देखिएका छन् । डिएसपी थारुका अनुसार घटनास्थलबाट एक थान नल कट्टुवा पेस्तोल समेत बरामद भएको छ ।

# आन्दोलनरत शिक्षकलाई कारबाही गर्ने वीरगञ्ज महानगरको चेतावनी

**टुडे समाचारदाता**

वीरगञ्ज । सामुदायिक विद्यालयको पठनपाठन ठप्प पारेर काठमाण्डुमा गइ आन्दोलन गरिरहेका शिक्षकहरुलाई कारबाही गर्ने चेतावनी दिएको छ ।

विहीबार महानगरपालिका एक सूचना जारी गर्दै विद्यालयको पठनपाठन नै ठप्प पारेर आन्दोलन नगर्न शिक्षकहरुलाई आग्रह गर्दै यथाशिघ्र विद्यालयमा फर्किएर पठनपाठन सुचारु गर्न आग्रह गरेको छ । अन्यथा सम्बन्धित विद्यालयका प्रधानाध्यापक स्वयम जिम्मेवार हुने उक्त सूचनामार्फत चेतावनी समेत दिइएको छ ।




महानगरको सूचनामा विद्यालयको पठनपाठन नै अवरुद्ध हुने गरी भइरहेको शिक्षकहरुको आन्दोलनप्रतिमहानगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको भन्दै महानगरपालिकाले विद्यालयको पठनपाठन बन्द हुँदा संविधान प्रदत्त बालबालिकाको शिक्षा पाउनु पर्ने मौलिक अधिकारबाट बालबालिका बञ्चित भएकोले उक्त मौलिक अधिकारबाट बालबालिकालाई अब्चित नगराउन आन्दोलनरत शिक्षकहरुलाई सचेत गराइएको छ ।

# सहकारीमा आगलागी

**टुडे समाचारदाता**

राजविराज । प्रभु बचत तथा ऋण सहकारी संस्था लि.मा बुधबार मध्यरातमा भएको आगलागिमा लाखौंको सरसामान जलेर खरानी भएको छ ।

राजविराज ४ स्थित उक्त संस्थामा भएको आगलागीमा व्यवस्थापक राजकुमार साहले आफू अबेर रातिसम्म संस्थाको काम सकाएर घर फर्किएको तथा बिहान फर्केर आउँदा मात्र आगलागी भएको थाहा पाएको बताए । उनले आगलागीबाट संस्थाका केही महत्वपूर्ण कागजातहरु समेत जलेर खरानी



फर्निचर, कम्प्युटर, एसी, उपकरण, ल्यापटप, पंखा, प्रिन्टिर मेशिन लगायतका सामग्री जलेर करिब १० लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

आगलागी राति १२ बजेदेखि २ बजेको बीचमा भएको हुनसक्ने अनुमान गरिएको छ । संस्थाका भएको बताए ।

विद्युत सर्ट भइ अचानक आगलागी भएको अनुमान गरिएको छ । आगलागीबारे जानकारी प्राप्त भएपछि पुगेको प्रहरी टोलीले उक्त घटना बारे आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# एक करोड मूल्य बराबरको अवैध सामान नियन्त्रणमा



**टुडे समाचारदाता**

बारा । प्रहरीले करिब एक करोड मूल्य बराबरको अवैध सामान गाडीसहित नियन्त्रणमा लिएको छ । जितपुरसिमरा उपमहानगरपालिका .वडा न.२१ अम्लेखगंजमा बिलबिजक नभएको ३ वटा ट्रकमा लोड गरिएको सामान र पिकअपमा लोड गरिएको पाँचवटा गाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

वीरगञ्जबाट काठमाण्डु तर्फ जाँदै गरेको ना.६.ख.००८० न.को ट्रकमा खुद्रा सामान करिब २३ लाख १ हजार ८ सय २६ मूल्यको, ना.३.ख.७३११ न.को ट्रकमा खुद्रा सामानहरु २३ लाख २७ हजार १ सय ६० रुपैयाँको, ना.३.ख.४५६० न.को ट्रकमा खुद्रा सामानहरु २५ लाख ९८ हजार ३ सय ४२ रुपैयाँको र हेटौंडाबाट महोत्तरी तर्फ जादै गरेको बा.२१.च.८९९७ न.को पिकअप गाडीमा अनलाईन बिल नभएको पाँच लाख मूल्य बराबरको पाँच वटा गाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

त्यस्तै काठमाण्डुबाट मलगंवातर्फ जाँदै गरेको प३०१००६ नम्बरको बसमा १० वटा कार्टुनमा लोड गरिएको १८ लाख ४६ हजार ४ सय २० मूल्य बराबरको डिस्पोजल ईलेक्ट्रोनिक सिग्रेट निजगढबाट प्रहरीले चेकजाँचको क्रममा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

ट्रकहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि राजश्व अनुसन्धानको कार्यालय पथलैयामा पठाइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए । ट्रकमा बरामद मालसमानमा कपडा लगायतका वस्तुहरु रहेको जनाइएको छ ।


## लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्तो टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं ।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप वर्षेनी लगाऔं ।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं ।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं ।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं ।
- अन्यत्रबाट ल्याइएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं ।
- मरेका पशु र लसमस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं ।
- पशुचिकत्सकसंग परामर्श गरी लम्पी स्किन रोग विरुद्ध खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११७१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८